म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १०७ सोमबार ११ मंसिर २०८० ने. सं. ११४४ कछलाथ्व 27 November 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

साझाकुरा

www.sajhakuranews.com राष्ट्रिय दैनिक

## बसपार्कबाट लागुऔषधसहित २० वर्षीया युवती पक्राउ

हेटौंडा, १० मंसिर/मकवानपुर प्रहरीले लागुऔषध गाँजासहित १ जना युवतीलाई नियन्त्रणमा लिएको छ । चितवन रत्ननगर नगरपालिका-३, लौरीचोक बस्ने २० वर्षीया सरिता लामालाई ६ किलो गाँजासहित नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

आइतबार बिहान हेटौंडा-१०, बसपार्क क्षेत्रमा खटिएको प्रहरी टोलीले धनगढीबाट काँकडभिट्टातर्फ जान लागेको प्रदेश १-०१-००१ ख ३४११ नम्बरको यात्रुबाहक बसको सुरक्षाजाँच गर्ने क्रममा बसमा सवार सरिताको साथबाट जेब्राझोलामा लागुऔषध गाँजा फेला परेको थियो ।

सरिताको साथमा रहेको जेब्राझोला भित्र रहेको ६ किलो गाँजा बरामद गरी अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।


# मनहरी खोलाको चरम दोहन, जनप्रतिनिधिदेखि सिडिओकै मिलेमतोको आशंका

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ मनहरी खोलामा स्वार्थ समूहको इच्छा बमोजिम जनप्रतिनिधिदेखि जिल्लाका प्रशासकसम्म सहयोगी बन्दा अवैध खोला दोहन भइरहेको खुलेको छ ।

कानुन विपरितका कार्य नियन्त्रण गर्ने दायित्व बोकेर बसेका जनप्रतिनिधिदेखि जिल्ला प्रशासन कार्यालयका प्रमुख (सिडिओ) नै अवैध कामको पक्षपोषणमा देखिएका छन् । घटना हो, राक्सिराङ गाउँपालिका र मनहरी गाउँपालिकाको सीमाक्षेत्रमा पर्ने मनहरी खोलाको । मनहरी बजारबाट करिब ५ सय मिटर भित्र (राक्सिराङतर्फ) खोलामा अवैध दोहन रोकिएको छैन । मनहरी खोलाले दुई गाउँपालिकालाई छुट्याएको छ । खोलाको दक्षिणतर्फ मनहरी गाउँपालिका र उत्तरतर्फ राक्सिराङ गाउँपालिका छन् । खोलाको दक्षिणतर्फ मनहरी गाउँपालिकाको कार्यक्षेत्रमा पर्ने दुईवटा क्रसरले अवैध खोला दोहन गरिरहेका हुन् ।

मनहरी क्रसर उद्योग र दारिमबास बालुवा उद्योगले भदौदेखि मंसिरसम्म पनि खोला दोहोन गरिरहेका छन् । गैरकानुनी रुपमा खोला दोहन भइरहँदा पनि जिल्ला अनुगमन समिति संयोजकसमेत रहेका जिल्ला समन्वय समितिका प्रमुख ललित घलान, समिति सहसंयोजक रहेका प्रमुख जिल्ला अधिकारी (सिडिओ) सूर्यप्रसाद सेढाई, सम्बन्धित गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, गाउँपालिकाको अनुगमन संयोजक उपप्रमुख सीता पुलामीमगरसम्म चुपचाप देखिएका छन् । मनहरी खोला दोहनमा जनप्रतिनिधिदेखि सिडिओसम्म मिलेमतो भएको प्रमाण नै प्राप्त भएको छ ।



राक्सिराङ गाउँपालिका कार्यालयले मंसिर ४ गते मनहरी गाउँपालिका कार्यालयलाई पत्राचार गर्दै जिल्ला समन्वय समिति, जिल्ला प्रशासन, जिल्ला प्रहरी, डिभिजन वन कार्यालय राप्ती, इलाका प्रहरी कार्यालय मनहरी र प्रहरी चौकी चैनपुरलाई बोधार्थ दिएर अवैध दोहन रोक्न अनुरोध गरेको थियो । तर, स्वार्थ समूहको खोलामा भइरहेको रजाईं नदेख्ने जिसस प्रमुख, प्रजिअ र मनहरी गाउँपालिका अध्यक्षको व्यवहारले मनहरी खोला दोहनमा मिलेमतो रहेको प्रष्टै देखिन्छ । राक्सिराङ गाउँपालिकाले पटक-पटक मौखिक अनुरोध गर्दासमेत दोहन नरोकिएपछि अन्तिममा मात्रै पत्राचार गरेको अध्यक्ष राजकुमार मल्ल बताउँछन् ।

'मैले पटक-पटक मौखिम रुपमा अनुगमन समितिका संयोजक जिसस प्रमुख घलानदेखि सिडिओ, मनहरीका अध्यक्षलाई पनि अनुरोध गरेको थिएँ । कतैबाट खोला दोहन रोक्न प्रयास नभएको पाइएपछि पत्राचार नै गर्नुपरेको हो । पत्राचार गरेर दोहन रोक्न भन्दा पनि रोकिएको छैन । धेरैपटक हाहार गुहार गर्दा पनि केही भएन ।', मल्लले भने । दुई क्रसरले महिनौदेखि दोहन गरिरहेको मनहरी खोलाबाट करिब ५ सय घरधुरी रहेको मनहरी बजार नजिकै पर्छ । ५ सय घरधुरीलाई प्रत्यक्ष असर पुग्ने गरी खोला दोहन हुँदा पनि सम्बन्धित निकाय मौन देखिनु आश्चर्यजनक छ ।

मनहरी क्रसर उद्योग र दारिमबास बालुवा उद्योगले दोहन गरिरहेको खोलामा वातावरणीय प्रभाव मूल्यांकन (आइईई) स्वीकृत नभएको राक्सिराङ गाउँपालिकाले जानकारी दिएको छ । चालू आर्थिक वर्ष २०८०/८१ मा जिल्ला अनुगमन समितिले जिल्लाका १० वटै स्थानीय तहमा नदीजन्यपदार्थ उत्खनन्का लागि अनुमति दिएको छैन । जरिवाना नतिराई मनहरी गाउँपालिकाले नै अवैध नदीजन्यपदार्थ उत्खनन्मा पक्षपोक्षण गरिरहेको छ । चालु आवमा जिल्ला अनुगमन समितिले नयाँ वातावरणीय प्रभाव मूल्यांकन (आइईई) स्वीकृत नगर्नु, उत्खननमा ठेक्का लगाउन वा अमानतमा संकलनको अनुमति नदिएकाले सीधै खोलाबाट उत्खनन् गर्न पाईंदैन ।

मापदण्ड अनुसार विगतमा स्टक प्रमाणित भइसकेको ढुंगा, गिट्टी बालुवा राजश्व तिरेर निकासी गर्न र आइईई स्वीकृत भएको स्थानबाट मात्रै उत्खनन् गर्न पाइन्छ । मापदण्ड विपरित उत्खनन् भएमा ऐनअनुसार कारबाहीको दायरामा ल्याउनुपर्छ । कानुनविपरित भएको उत्खननमा प्रदेश आर्थिक ऐनको अनुसूचि ६ बमोजिम प्रत्येक पटकको ढुवानीमा राजश्व तिरेको निस्सा र चलान पुर्जा साथमा रहेको नभेटिएमा (अप्रशोधित सामग्रीका हकमा) सवारीसाधनको क्षमताअनुसार सवारीको प्रतिघनमिटर क्षमतामा १ हजार रुपैयाँकादरले जरिवाना गराउनुपर्ने व्यवस्था छ ।

मनहरी क्रसर उद्योग र दारिमबास बालुवा उद्योगले रातको समयमा नदीजन्यपदार्थ चोरी गर्दै आएको पाइएको छ । मनहरी खोलामा नदीजन्यपदार्थ निकालिएको खाल्डाखुल्डी कयौं छन् । जुन, सर्वसाधारणका लागि 'काल' बन्न सक्ने जोखिम छ । हिउँदमा मनहरी खोलाबाटै कैलाश र राक्सिराङ गाउँपालिका चल्ने सवारीसाधन र सर्वसाधारण हिँड्डुल गर्दछन् । 'यहाँबाट दैनिक मान्छेहरु हिँड्डुल गरिरहन्छ । पानीको दह बनेको खाल्डामा परेर कुनै मानवीय क्षति भएमा दोषि को हुन्छ ?', राक्सिराङ अध्यक्ष मल्ल भन्छन् ।

राक्सिराङ गाउँपालिकाबाट आएको पत्रको विषयमा छलफल भइरहेको जिसस प्रमुख घलानले बताए । उनले खोला दोहन भएको क्षेत्रमा अनुगमन जाने बताए । घलानले दोहन भइरहेको विषयमा मनहरीले चासो लिनुपर्ने दाबी गरे । जब की जिल्ला अनुगमन समितिको संयोजक नै घलान छन् । गलत भएको पाइएमा कारबाही गर्ने बताए । 'मनहरीको चासोको विषय हो । मनहरीले हामीलाई पत्राचार गर्नुपर्थ्यो । मनहरीले कुनै जानकारी दिएको छैन ।', उनले भने ।

प्रमुख जिल्ला अधिकारी सेढाईंले खोला उत्खनन् भइरहेको सूचना दिने स्रोतसँगै आधिकारिक जानकारी लिनूस् भन्ने जवाफ दिए । उनले मनहरी खोलामा भइरहेको दोहनको विषयमा कुनै जानकारी नआएको भन्दै पन्छिन खोजे । मनहरी गाउँपालिका अध्यक्ष कालाखेतीले राक्सिराङ गाउँपालिकाले गरेको पत्राचारको विषयमा अनविज्ञता देखाए । 'मलाई अध्यक्षज्यूले फोन चाहिँ गर्नुभएको थियो । गाउँपालिकामा पत्र फेला पारेको छैन । म व्यस्त भएँ ।', उनले भने ।

मनहरी खोलाबाट राती नदीजन्यपदार्थ चोरी निकासी भइरहेको बारे आफूलाई यसअघि नै जानकारी आएको र मनहरी प्रहरीलाई खबर गरेको र प्रहरीले कोही नभेटिएको जवाफ दिएको उनले बताए । दोहन भएको क्षेत्र अध्यक्ष कालाखेतीको घरबाट २ किलोमिटर दुरीमा छ । 'त्यहाँ गएर बुझ्दा खोलामा खाल्डो देखियो । साधनहरु केही भेटिएनन् । हामीले सोध्दा खरिद गरेर ल्याएको माल हो भन्यो ।', उनले प्राविधिक पठाएर स्टक जाँच गर्ने र दोषि देखिए कारबाही गर्ने बताए ।

### खोला नै थुनेर क्रसर

मनहरी गाउँपालिकाको ७ नम्बर वडास्थित दारिमबास क्षेत्रमा रहेका दुवै क्रसर उद्योग अवैध हुन् । पुल, बस्ती र वन क्षेत्रबाट ५ सय मिटर टाढा मात्रै क्रसर उद्योग राख्न पाइन्छ ।

तर, मनहरी क्रसर उद्योग र दारिमबास बालुवा उद्योग मादपण्डविपरित बनेका छन् । मनहरी बजारबाट ५ सय मिटर नजिकै र वन क्षेत्रसँगै जोडिएका क्रसर र बालुवा उद्योग निर्वाध सञ्चालन भइरहेका हुन् । क्रसरले मनहरी खोला नै कब्जा गरेर नदीजन्यपदार्थ घाटगद्दी गरेको छ । मनहरी क्रसर नयाँ खुलेको हो । यहाँ घाटगद्दी भएको नदीजन्य पदार्थको स्टक सम्बन्धित निकायमै देखिँदैन ।

खोला नै थुन्ने गरी स्थापित क्रसरका कारण नजिकैको मनहरी बजारमा देखिएको सम्भावित खतराबारे जनप्रतिनिधिदेखि सरोकार वाला निकाय नै मौन छन् । यहाँ रहेका क्रसरले सरकारी जग्गा अतिक्रमणसमेत गरेको दाबी गरिएको छ ।

जनता आवास कार्यक्रम

# बागमतीमा बने एक हजार घर, आधा भन्दा कम प्रगति

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ बागमती प्रदेश सरकारले जनता आवास कार्यक्रमअन्तर्गत प्रदेशमा १ हजार २३ वटा मात्रै घर निर्माण गर्न सकेको छ ।



प्रदेश सरकारले २ हजार २ सय २२ घर बनाउने लक्ष्य राखेको थियो । तर, लक्ष्य लिएकोमा आधा भन्दा पनि कम भौतिक प्रगति भएको छ । बागमती प्रदेशका १० जिल्लामा (उपत्यकाको काठमाडौं, ललितपुर र भक्तपुरबाहेक) दुई हजार दुई सय २२ घर निर्माण गर्ने लक्ष्यसहित काम अगाडि बढाइएको प्रदेशस्थित भौतिक पूर्वाधार विकास मन्त्रालयले जानकारी दिएको छ । मन्त्रालयका सूचना अधिकारी ज्यानेन्द्र पुनले आर्थिक वर्ष २०७९/८० सम्ममा एक हजार २३ घर निर्माण सम्पन्न भएको जानकारी दिए ।

उनका अनुसार संघीय सरकारबाट हस्तान्तरण भएका चार सय ६५ मध्ये दुई सय ३० घर निर्माण सम्पन्न भएका हुन् । धादिङमा एक सय ९१, मकवानपुरमा ७५, चितवनमा एक सय १६, रसुवामा ३४, नुवाकोटमा ७३, सिन्धुलीमा चार सय ९२, दोलखामा ३९ र काभ्रेपलाञ्चोकमा तीन घर निर्माण सम्पन्न भएका पुनले जानकारी दिएका छन् । रामेछापमा ५० घर बन्नुपर्ने देखिए पनि सम्झौता नभएको र सिन्धुपाल्चोकमा पनि हालसम्म सम्झौता नै नभएको उनले बताए ।

घर निर्माणका लागि कार्यालयसँग सम्झौता गरेर पहिलो किस्ताको ८४ हजार रकम बुझेर काम नगर्ने सेवाग्राही मकवानपुरमा पाँच र चितवनमा एकजना रहेका मन्त्रालयको सहरी विकास तथा भवन महाशाखाले जनाएको छ । महाशाखाका अनुसार मकवानपुरका मनहरी, कैलाश र राक्सिराङ गाउँपालिकामा चेपाङ, वनकरिया, बोटे र माझी एकीकृत बस्ती आवास कार्यक्रम कार्यान्वयन भइरहेको छ । मकवानपुरमा जनता आवास कार्यक्रम अन्तर्गत एक सय ९७ घरको सम्झौता भएकोमा ७५ वटा घर निर्माण भएको सहरी विकास तथा भवन कार्यालय मकवानपुरले जनाएको छ ।

दुई सय घर बनाउने लक्ष्य राखेर बजेट विनियोजन भए पनि तीन घरको सम्झौता गर्न नआएका कार्यालयका सूचना अधिकारी टेकनाथ काफ्लेले जानकारी दिए । जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७५ बनाएर बागमती प्रदेश सरकारले विपन्न, गरिबको घर बनाउने लक्ष्य राखेको जनाउँदै एक सय ९७ जनाले हेटौंडास्थित सहरी विकास तथा भवन कार्यालयमा सम्झौता गरेका थिए । उनका अनुसार सम्झौता गरेकामध्ये गत आव २०७९/८० को असार मसान्तसम्म ७५ जनाले मात्रै घर निर्माण सम्पन्न गरेका हुन् । कार्यालयले मकवानपुर र चितवनमा विपन्न, गरिब र पिछडिएका वर्गका लागि घर बनाइदिने जनता आवास कार्यक्रम र चेपाङ, वनकरिया, बोटे तथा माझी एकीकृत बस्ती आवास कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ ।

## मनहरीको मसिनेमा महिला मृत फेला

हेटौंडा, १० मंसिर/ मकवानपुरको मनहरी गाउँपालिका-४ मसिने सालघारी बस्ने एक महिला मृत अवस्थामा फेला परेकी छन् ।

स्थानीय देबकुमार चेपाङको श्रीमती ४५ वर्षीय बुद्धिमाया चेपाङ मादकपदार्थ सेवनगरी आफ्नै घरमा सुतेको अवस्थामा मृत फेलापरेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । प्रहरीले घटनाको थप अनुसन्धान गरिरहेको बताइएको छ ।

## मनहरीको फुटबल टिमलाई १ लाख प्रोत्साहन दिइने



साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ मकवानपुरको बकैया गाउँपालिकामा भएको अन्तरपालिका फुटबल प्रतियोगितामा उपविजेता बनेको मनहरी गाउँपालिकाको फुटबल टिमलाई १ लाख प्रोत्साहन रकम दिने घोषणा गदै सम्मान गरिएको छ ।

आइतबार गाउँपालिकामा अध्यक्ष रञ्जन कालाखेती, उपाध्यक्ष रेखा पुलामी, प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीलगायतले खादा, प्रमाणपत्रसहित खेलाडीहरुलाई सम्मान गरेका छन् । अन्तरपालिका फुटबल प्रतियोगितामा उपविजेतामा चित्त बुझाएको मनहरीले ५० हजार रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको थियो । उपविजेता हुँदा ५० हजार रुपैयाँ प्राप्त गरेको टिमलाई सम्मान कार्यक्रममा प्रोत्साहनस्वरुप १ लाख रुपैयाँ दिने पालिका अध्यक्ष कालाखेतीले घोषणा गरे ।

आगामी कार्यपालिका बैठकबाट प्रोत्साहन रकम अनुमोदन गरी प्रदान गरिने अध्यक्ष कालाखेतीले बताए । शनिबार बकैया गाउँपालिकामा भएको पहिलो सहिद स्मृति अन्तरपालिका फुटबल प्रतियोगिताको फाइनल खेलमा बागमती गाउँपालिकासँग टाइब्रेकरमा ४-३ गोलअन्तरले पराजित भई मनहरी उपविजेता बनेको थियो ।

# मकवानपुरे पत्रकार कार्कीलाई 'अनेसास शिखर पुरस्कार'

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर /अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास), कतार च्याप्टरले यस वर्षको 'अनेसास शिखर पुरस्कार' मकवानपुरका पत्रकार होम कार्कीलाई प्रदान गर्ने भएको छ ।

नेपाली पत्रकारिता तथा साहित्यको क्षेत्रबाट कतारको साहित्यमा पुऱ्याएको योगदानको कदर गर्दै कार्कीलाई पुरस्कृत गर्ने निर्णय भएको अनेसास शिखर पुरस्कार समितिका संयोजक प्रेमप्रसाद भट्टराईद्वारा जारी विज्ञप्तिमा छ । यो पुरस्कारको उद्देश्य प्रवासमा नेपाली भाषा साहित्य, कला र गीतसंगीतमा समर्पित एक उत्कृष्ट स्रष्टालाई हरेक वर्ष पुरस्कृत गर्ने गरेको छ । साहित्यकार स्वर्गीय शिखर वैद्यको सम्मानमा अनेसास कतार च्याप्टरले यो पुरस्कार स्थापना गरेको हो ।



अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, कतार च्याप्टरले कार्कीलाई अनेसास शिखर पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो । कतारमा सामाजिक संस्था, गैरआवासीय नेपाली संघको स्थापना र साहित्यिक उन्नयनमा उल्लेखनीय योगदान पुर्याएका शिखर वैद्यको स्मृतिमा यो पुरस्कार स्थापना गरिएको हो । कार्कीले प्रवास र स्वदेशमै रहेर नेपाली भाषा, साहित्य, पत्रकारिता र श्रमिकको पक्षमा निरन्तर कलम चलाएको उल्लेख गर्दै पुरस्कृत गर्न लागेको जनाएको छ । अनेसास शिखर पुरस्कारको राशी उल्लेख गरिएको छैन ।

मकवानपुर हेटौंडाका स्थायी बासिन्दा कार्की कान्तिपुर दैनिकमा आवद्ध पत्रकार हुन् । खाडी क्षेत्रका श्रमिकलाई केन्द्रविन्दु बनाएर कार्कीले २०७७ साल चैतमा 'सनैया' पुस्तक प्रकाशन गरेका थिए । उनी हालै इजरायल पुगेर द्वन्द्वग्रस्त क्षेत्रको रिपोर्टिङ गरेर फर्किएका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# थाहानगर र फिल्मसिटी

मकवानपुरको थाहा नगरपालिकालाई फिल्म सिटीको रुपमा विकास गर्न शनिबारबाट थाहा नगरपालिकामा पहिलोपटक 'थाहा फिल्म फेस्टिभल' सुरु भएको छ । थाहानगर आफैंमा प्राकृतिक सौन्दर्यताले भरिपूर्ण क्षेत्र हो । दुई दसक अघि ताइवानका केही प्राबिधिकहरुले हालको थाहानगर क्षेत्र साबिक चित्लाङ आसपासको क्षेत्रमा सिनेमा छायाँङकनका लागि प्राकृतिक स्टुडियो बनाउने भनेर अध्ययन गरेका थिए । यसका लागि मकवानपुरका ब्यवसायी अजेयराज सुमार्गीले ताइवानका प्राबिधिकहरुलाई मकवानपुरका थाहानगर क्षेत्र घुमाउने कार्यको संयोजन गरेका थिए । ताइवानीहरुले सोचेजस्तो नपाएपछि फर्केको बताइन्छ । ढिलै भएपनि पुन: यो बिषयमा बहस सुरु भएको छ । हलिउड, बलिउड जस्तै नभएपनि नेपाली सिनेमा छायाँङकनका लागि थाहानगर आफैंमा पर्याप्त छ ।

थाहा नगरपालिकाको इन्दायणीचौरमा रहेको जेसीज हलमा सुरु भएको फिल्म फेस्टिभलको उद्‌घाटन गर्दै बागमती प्रदेशका उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्री रामकृष्ण चित्रकारले फेस्टिभलले थाहाको पर्यटन प्रवर्द्धनको साथै फिल्म सिटी निर्माणको उद्धेश्य पूरा गर्न सकिने बताएका छन् । काठमाडौंको नजिकैको दुरीमा रहेको थाहानगर प्राकृतिक तथा सांस्कृतिकरुपमा धनी छ । सरकारले फिल्म उद्योगलाई ब्यवस्थित बनाउँदै फिल्म सिटीको अवधारणा अनुसार काम गर्नुपर्नेमा जोड दिइएको छ । फिल्मसिटीको अवधारणा अनुसार थाहा नगरका बिभिन्न क्षेत्रलाई संयोजन गरी प्राकृतिक स्टुडियोको रुपमा उपयोग गर्न सकिन्छ । भारतको फिल्म उद्योग भन्नेवित्तिकै मुम्बईलाई चिनिन्छ । त्यहाँ ठूला फिल्मसिटीहरु निर्माण भएका छन्, हामीले नेपाली चलत्रिको विकासको लागि नेपालमा पनि यस्ताखाले फिल्म सिटिको अवधारणालाई अघि सार्नु पर्छ, त्यसको लागि थाहा नगरपालिका उपयुक्त स्थल हो । फेस्टिभलमा थाहा नगरपालिका भित्रका सम्पदा तथा स्थलहरु समेटेर निर्माण गरिएको करिब आधा घण्टाको थाहाको पर्यटन र सास्कृतिक पक्ष समेटिएको बृत्तचित्र प्रस्तुत गरिएको थियो । फेस्टिभलमा चलचित्र, लघु चलचित्र, म्युजिक भिडियो, भ्लग लगायत प्रर्दशन हुने आयोजकले जनाएको छ । थाहा नगरमा चलचित्र छायांकनको स्थल विकास तथा प्रचार गर्ने गरी आयोजकले विभिन्न पर्यटकीयस्थलमा चलचित्रकर्मीलाई भ्रमण पनि गराउने तयारी गरिरहेको छ ।

थाहा नगरपालिकाको मुख्य पर्यटकीय क्षेत्रहरुको पहिचान गरी फेस्टिभलमा बृत्तचित्र प्रर्दशन गरिने आयोजक थाहा कलाकेन्द्रले जनाएको छ । चलचित्र छायांकनको लागि उपयुक्त स्थलको बारेमा फेस्टिभलमा आएका चलचित्र निर्माता, निर्देशक तथा कालाकारलाई जानकारी दिनेगरी बृत्तचित्र तयार पारिएको हो । कार्यक्रम अवधिभर थाहाको पर्यटकीय क्षेत्रको अवलोकन गर्ने थाहानगरको पर्यटन बढाउने तस्वीर कार्यक्रम स्थलमा अवलोकन गराइनेछ । यसैगरी चलचित्र, लघुचलचित्र, म्युजिक भिडियो, भ्लग तथा इत्यादिका निर्माता, निर्देशक, कलाकार तथा निर्माण पक्षलाई थाहा नगर पालिकासँग पारस्परिक गराउन प्रयास गर्ने आयोजकले जनाएको छ । फेस्टिभलमा चलचित्र, लघुचलचित्र, म्युजिक भिडियाको निर्माता, निर्देशक तथा निर्माण समूहसँग विशेष अन्तरक्रिया गराइनेछ । मकवानपुरमै पहिलोपटक फिल्म फेस्टिवलको आयोजना भएकोले फेस्टिवलका विशेष आकर्षक हुने आयोजकको दाबी छ । बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय र थाहा नगरपालिकाको सहयोगमा आयोजना गरिएको फिल्म फेस्टिवलको पहिलो दिन शनिबार थाहानगरको पर्यटकीय क्षेत्रको वृत्तचित्र प्रर्दशनी गरिएको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर १२ गते मंगलबार, २८ नोभेम्बर २०२३ । प्रतिपदा, कात्तिक शुक्लपक्ष । कछलागा ११४४ ने.सं. । सूर्योदय ६:३६, सूर्यास्त ५:०६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ | तुला | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ |
| वृष | : अधुरा योजना पूरा हुने देखिन्छ | वृश्चिक | : आतिथ्यपूर्ण सम्मान पाइनेछ |
| मिथुन | : भाग्योदयको समय रहनेछ | धनु | : पवित्र कर्ममा मन जानेछ |
| कर्कट | : अध्ययनमा गडबडी हुनेछ | मकर | : घरेलु समस्याले सताउने देखिन्छ |
| सिंह | : काममा उत्साह बढ्नेछ | कुम्भ | : महत्वपूर्ण भेटघाट हुनेछ |
| कन्या | : प्रेमको बन्धन कसिनेछ | मीन | : उपहार हात लाग्नसक्नेछ |

# 'नागरिक पहिलो' नभएको लोकतन्त्र के लोकतन्त्र ?



डम्बर खतिवडा




केही उदाहरणबाट विषय उठान गरौं ।

एक- गत महिना संसद्मा सार्वजनिक मर्यादाक्रम विधेयकको चर्चा र विवाद थियो । त्यो कसरी सल्टियो थाहा भएन, आम सरोकारको विषय पनि थिएन । तर, नम्बर १ मा राष्ट्रपति र सायद अन्त्यमा कार्यालय सहयोगीलाई राखे होला । हिजो राजतन्त्रमा 'श्री ५' नम्बर १ र कार्यालय सहयोगी अन्त्यमा हुन्थ्यो । यो बहसमा नागरिक खै कहाँ छ ? राज्यको पद नभएको मान्छे खै कहाँ छ ? यदि यो प्रणाली लोकतन्त्र हो भने मर्यादाक्रमको नम्बर १ मा 'आम नागरिक' किन नलेख्ने ?

दुई- सिंहदबार प्रवेश गर्न सर्वसाधारण नागरिकलाई प्रवेश पास चाहिन्छ । यदि भित्र चिनचानको मान्छे छैन तर भित्र पस्नुपर्ने काम पर्‍यो भने आम नागरिक कसरी प्रवेश गर्छ ? बरु पञ्चायतकालमा दिउँसो २ बजेपछि सर्वसाधारण सिंहदरबार प्रवेश गर्न पाउँथे । हाकिम, सांसद र मन्त्रीहरूलाई भेट्न सक्थे । काम र गुनासा सुनाउन सक्थे ।

आज लोकतन्त्रमा पनि त्यति सुविधा नागरिक्लाई छैन, किन ? खै नागरिक सर्वोच्चता ? सिंहदरबार कसको हो ? नागरिकको कि मन्त्री, सांसद र प्रशासकको ? अमेरिकाको राष्ट्रपति भवन फवाइट हाउस र ओभल अफिसमा सर्वसाधारण जान मिल्ने सिंहदरबारमा नमिल्ने कस्तो सुरक्षा संवेदनशीलता हो ?

तीन- हामी जब कुनै सभा गर्छौं, सभापति, प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि भन्दै सम्बोधन गर्छौं । ती सबै कुनै न कुनै राजकीय पदमा भएका व्यक्ति हुन्छन् । अन्तिममा 'र उपस्थित जनसमुदाय' भन्छौं । अन्तिममा 'र' राखेर सम्बोधन किन ? किन सबैभन्दा पहिले 'प्रिय सार्वभौम नागरिक' बाट सम्बोधन सुरुवात नगर्ने ?

हाम्रा यी र यस्ता सयौं प्रचलनभित्र नागरिक खै कहाँ छन् ? लोकतन्त्र खै कहाँ छ ?

लोकतन्त्रको सिद्धान्त जति सुन्दर छ, यसको व्यवहार उत्तिकै जटिल र समस्याग्रस्त छ । भन्नलाई हामी भन्छौं- लोकतन्त्रमा नागरिक सबैभन्दा माथि हुन्छन् । लोकतन्त्र भनेको नागरिक सत्ता हो । नागरिक केन्द्रीयता हो । नागरिक सार्वभौमसत्ता हो ।

तर, के व्यवहारमा त्यसो भएको छ ? के नागरिक साँच्चै राजनीति र राज्यसत्ताको केन्द्रमा छन् ? के प्रशासनिक संयन्त्रमा नागरिक -सेवाग्राही) लाई सबैभन्दा माथि राखेर व्यवहार गरिएको वा सम्मान दिइएको छ ? के अर्थनीति निर्धारण गर्दा सबैभन्दा माथि नागरिक (उपभोक्ता) को हित र अधिकार उच्च प्राथमिकतामा छ ? के भूराजनीतिक विषय निरुपण गर्दा प्रथम दृष्टि नागरिक प्रतिष्ठा र आत्मसम्मानलाई बनाइएको छ ? सायदै छ । यदि छ भने पनि असाध्यै थोरै छ ।

यदि छैन भने खै कहाँ छ लोकतन्त्र ? 'नागरिक पहिलो' नभएको लोकतन्त्र पनि कहीं लोकतन्त्र हुन्छ ? त्यो लोकतन्त्र हुँदैन, अर्थोक नै केही हुन्छ । त्यो दलतन्त्र, नेतातन्त्र, गुटतन्त्र, परिवारतन्त्र, अल्पतन्त्र, बजारतन्त्र, कर्पोरेटतन्त्र, सिन्डिकेटतन्त्र वा यस्तै केही तन्त्र हुन सक्दछ । तर, लोकतन्त्र हैन ।

जब लोकतन्त्रबाट 'लोक' (नागरिक) गायब हुन्छ र 'तन्त्र' मात्र बाँकी रहन्छ, त्यस्तो तन्त्रको कुनै अर्थ हुँदैन । आज हाम्रो लोकतन्त्रमा नागरिक हराएका छन् । 'लोक' हराएको छ, तन्त्र मात्र बाँकी छ । तसर्थ यो लोकतन्त्र हैन, दलतन्त्र भएको छ । लोकतन्त्र भनेर, बडो ठूलो संघर्ष र बलिदान गरेर ल्याएका थियौं, तर यसले आज दलतन्त्रमा पतन गरेको छ ।

वाद वा विचारधाराका दृष्टिकोणले यहाँ धेरै प्रकारका विचार, सोच वा सिद्धान्त होलान् । तर, मुख्यत: तीन वटा सोच बीचको, तीन वटा तन्त्र बीचको, तीन वटा अभ्यास बीचको संघर्ष निरन्तर जारी देखिन्छ ।

सकिए भनिएका, इतिहासमा दर किनार गरिए भनिएका, सभ्यताको संग्रहालयमा थन्काइए भनिएका राजावादीहरू घरीघरी हल्ला गर्न आउँछन् र भन्छन्- राजतन्त्र चाहियो । एउटा राजा हटाएर धेरै राजा भए, हामीलाई एउटा राजा भए पुग्छ । तर, उनीहरू यो सोच्दैनन् कि एउटा राजा हुँदा नागरिक कहाँ हुन्छन् ? किन र कसरी गायब हुन्छ नागरिक सर्वोच्चता ? एउटा व्यक्तिको सर्वोच्चता आम नागरिकको सर्वोच्चता त हुन सक्दैन ।

'राजा' भन्ने शब्द आफैंमा नराम्रो हैन । राजनीतिशास्त्रमा यसको सरल अर्थ हो- अन्तिम निर्णयाधिकार प्राप्त भएको सार्वभौम व्यक्ति । अर्थात् राजतन्त्रको सार एक व्यक्ति सार्वभौमसत्ता, एक व्यक्ति सर्वोच्चता हो । एउटा मान्छे सर्वेसर्वा हुने अरू सबै उसका नोकर, दास, रैती वा प्रजा हुने व्यवस्था हो । त्यस्तो प्रणाली कसलाई किन चाहिने हो र ? कम्तीमा नागरिकलाई त त्यो चाहिएकै छैन ।

चाहिए केही दास मनोवृत्तिका मान्छेलाई चाहिएको होला, जसलाई सम्मानित नागरिक हुनुभन्दा रैती हुनुमा गौरव छ । जसलाई स्वयं सार्वभौम हुनुभन्दा कुनै एक व्यक्तिलाई सार्वभौम बनाएर आफूलाई प्रजा बनाउँदा आनन्द आउँछ । त्यस्तो सोचको स्रोत दास-चिन्तन हो । त्यसको अरू कुनै उत्तर, उपाय छैन ।

तर, समस्या कहाँ छ भने हामी राजतन्त्रबाट करिब ७० वर्ष लामो जनसंघर्षबाट निस्किएर 'दलतन्त्र' मा फसेका छौं । अहिलेको व्यवस्था र प्रणाली, अभ्यास र प्रचलन लोकतन्त्र हैन, दलतन्त्र हो । यदि लोकतन्त्र हो नै भने पनि सीमित, औपचारिक, कानुनची लोकतन्त्र हो । साँचो, वास्तविक, गहिरो नागरिकतन्त्र हैन ।

राजतन्त्रमा एक व्यक्ति राजा हुन्छ । एक व्यक्ति सार्वभौम हुन्छ । दलतन्त्रमा केही दल र दलपति नयाँ राजा हुन्छन् । केही दर्जन वा सय राजा हुन्छन् । सबै निर्णयाधिकार, राज्यको स्रोतसाधन, अन्तर्राष्ट्रिय सम्पर्क र मानप्रतिष्ठा तिनले कब्जा गर्छन् । नागरिक राजतन्त्रमा पनि नाङ्गै र रित्तै, दलतन्त्रमा पनि नाङ्गै र रित्तै ।

यहाँसम्म कि दलतन्त्रमा दल र दलपतिहरूले 'यसलाई भोट देऊ, उसलाई भोट नदेऊ' भनेर फवीप लगाउँछन् । अनेक प्रकार का गठबन्धन र सिन्डिकेट खडा गरेर स्वतन्त्रतापूर्वक भोट हाल्ने, दल वा उम्मेदवार छनोट गर्ने अधिकार समेत सीमित गर्दछन् । संसद्मा चुनिएर आएका सांसद वा जनप्रतिनिधिहरूको कुनै मौलिक चेतना र सोच हुँदैन । ती फवीपमा चल्ने नयाँ दास, नयाँ रैती हुन पुग्दछन् ।

दलपतिले जे भन्छ, तिनले त्यही मान्नुपर्छ । चाहे मन परेको होस् वा नहोस् । सांसदहरूको चेतना, मन र दृष्टिकोण अर्कैतिर हुन्छ, आफूलाई मन नपरेको विचार र एजेन्डाको पक्षमा भोट दिनुपर्ने हुन्छ ।

जसरी राजतन्त्रमा एउटा व्यक्ति र ाजा हुन्छ, उसको वरिपरि उसको परिवार र केही सय भारदार वा दरबारिया हुन्छन्, ठीक त्यसैगरी दलतन्त्रमा हरेक दलपति आफ्नो दलभित्रको राजा हुन्छ, उसको वरिपरि उसको परिवार, गुट र केही हजार कार्यकर्ता हुन्छन् । 'किचेन क्याबिनेट' भन्ने एक अघोषित वृत्त वा संस्था हुन्छ त्यहाँ ।

राजतन्त्रमा सय भारदार दरबारियाले देशको सम्पूर्ण निर्णयाधिकार र राज्यको स्रोत-साधन कब्जा गर्छन्, लुट्छन् । जब एउटा राजाको सत्ता जान्छ, ती सबैको 'लुटतन्त्र' लुट्ने अवसर समाप्त हुन्छ । तिनैलाई चाहिने हो राजा । वेला न कुवेला 'राजा, राजा' भन्दै हल्ला गर्नेहरू तिनै हुन् ।

खासमा तिनलाई राजाको पनि माया हुँदैन । राजाको सत्ता गुम्दा आफ्नो भारदारी गुमेको पीडामा रन्थनिएका मात्रै हुन् ती । आफ्नो लुट्ने अवसर गुमेको गहिरो विशादमा डुबेका मात्र हुन् ती । लुट्ने अवसर नयाँ ढंगले पाइन्छ भने ती कमल थापाले जस्तो सूर्य चिफनमा चुनाव लड्न समेत राजी हुन्छन् । रवीन्द्र मिश्रले जस्तो 'वैकल्पिक राजनीति' को भ्रम छर्दै पनि हिंड्छन्, लाजै विना । राजेन्द्र लिङ्देन जस्तो एमाले र ओलीसँग गठबन्धन/तालमेल बनाउन वा प्रचण्डको सरकारमा मन्त्री खान मरिहत्ते र हतारो गर्छन् । राजाको जयजयकार तिनका लागि आफ्नै स्वार्थको जयजयकार हो ।

ठीक, त्यसैगरी दलतन्त्रमा गुट वा किचेन क्याबिनेटले दलपतिको जयजयकार गर्दछ । दलपतिले जे भन्यो त्यही, जे आदेश निर्देश गर्‍यो त्यही, जे फवीप लगायो, त्यही मान्ने । किचेन क्याबिनेट वा गुटका सदस्यहरू दलपतिप्रति यति धेरै निष्ठा वा भक्ति देखाउन खोज्छन् कि ती 'धरहराबाट हाम फाल्ने' आदेश पर्खिरहेका हुन्छन् । राजतन्त्रका भारदार र दलतन्त्रका गुट-सदस्य उस्तै उस्तै हुन् । तिनको कुनै विवेक हुँदैन, कुनै सार्वभौम सोच वा जीवनदृष्टि हुँदैन ।

दलतन्त्रमा आफ्नो दलपतिको पद, अध्यक्ष, सभापति वा नेतृत्व गुम्यो भने राजतन्त्र ढलेको भारदारको जस्तो तिनको सबै थोक गुम्छ । गुट भत्किन्छ । चुनावका टिकट गुम्छन् । राजनीतिक नियुक्तिको सम्भावना गुम्छ । प्रहरीको सलाम र प्रशासनिक पहुँच गुम्छ । भ्रष्टाचार र कमिसनको स्रोत गुम्दछ । तसर्थ, ती चाहन्छन् कि अरू जेसुकै होस्, आफ्नो दलपतिको पद, अध्यक्ष वा सभापति नगुमोस् ।

यदि गुम्न लाग्यो भने पार्टी फुटाएर भए पनि अर्को गुट बनाउनुपर्छ । दलतन्त्रमा दलहरूको विभाजनको सार यही हो । प्रत्येक एउटा अलिक नाम चले जस्तो नेता, प्रत्येक नेताको एउटा गुट । एउटा नेता एउटा गुट एउटा पार्टी । अलिक नाम चले जस्तो नहुन्जेल त्यो कुनै गुटको कार्यकर्ता भएर बस्छ । जब आफैं दलपति हुन सक्दछु भन्ने लाग्दछ, तुरुन्तै पार्टी फोड्छ र अर्को गुट बनाउँछ । अनावश्यक पार्टीहरूको संख्या बढ्नुको रहस्य यही हो ।

नेपालमा अहिलेसम्म भएको राजतन्त्रबाट दलतन्त्रमा परिणत हो । दलतन्त्रलाई लोकतन्त्र ठानेर हामी भ्रमित छौं । केही मान्छे दलतन्त्रका खराबी देखाएर राजतन्त्र ठीक हो भन्छन् । केही मान्छे राजतन्त्रका खराबी देखाएर दलतन्त्र ठीक हो भन्छन् ।

खासमा यो राजतन्त्रका भाइभारदार र दलतन्त्रका गुटीय कार्यकर्ताबीचको स्वार्थको लडाइँ हो । कसले देश लुट्ने, कसले राज्य दोहन गर्ने, कसले निर्णयाधिकार हत्याउने, को सार्वभौम र सर्वोच्च हुने, को सर्वेसर्वा हुने भन्ने स्वार्थको लडाइँ हो । जताबाट नापे पनि यो नागरिक सर्वोर्च्चताको सोच हैन । नागरिक सार्वभौमसत्तालाई हानि पुर्‍याएर आफ्नो महाराज वा दलपतिलाई सार्वभौम बनाउने र त्यसबाट आफ्नो स्वार्थ पूरा गर्ने प्रयास हो ।

राजतन्त्र र दलतन्त्र- यी दुवै तन्त्रमा नागरिक हराएका हुन्छन् । लोक हराएका हुन्छन् । लोकको निर्णयाधिकार हराएको हुन्छ । राजाका भारदारबाट लुटिएका हुन् वा दलपतिका गुट-सदस्यबाट, नागरिक नाङ्गै हुने हुन् । नागरिक भोकै हुने हुन् । नागरिक रोगी नै हुने हुन् । नागरिक बेरोजगारी, गरिबी, महँगीको मारमै पर्ने हुन् । नागरिक आत्मसम्मानका कदम-कदममा ठेस पुग्ने हो । नागरिकतन्त्र हराउने हो । नागरिक सर्वोच्चता खण्डित हुने हो । नागरिक सार्वभौमसत्ता कुण्ठित र सीमित हुने हो ।

ठीक हो, राजतन्त्रमा भन्दा दलतन्त्रमा 'राजा' को संख्या विस्तार हुन्छ । राजतन्त्रमा एउटा राजा, दलतन्त्रमा सय राजा । छोटे राजा त कति कति ! लोकतन्त्र भनेको राजतन्त्र र दलतन्त्रभन्दा यसर्थ फरक हो कि लोकतन्त्रमा हरेक नागरिक 'राजा' हुन्छन्, हुन सक्दछन् ।

यसको अर्थ हो कि- प्रत्येक नागरिक सार्वभौम हुन्छ, हुन सक्दछन् । प्रत्येक नागरिकसँग निर्णयाधिकार, स्वाभिमान र समृद्धि हुन सक्दछ । त्यो अहिलेसम्म भएको छैन, किनकि साँचो लोकतन्त्र आएकै छैन । जब लोकतन्त्र आउनेछ, त्यो हुनेछ । जब लोकतन्त्र हुन्छ, नागरिक सर्वोच्चता र कल्याण हुन्छ, हुन्छ । यदि भएको छैन भने लोकतन्त्र छैन । नागरिक केन्द्रीयता छैन । 'नागरिक पहिलो' छैनन् ।

तसर्थ, आजको संघर्ष तीन वैचारिक ध्रुव- राजतन्त्र, दलतन्त्र र लोकतन्त्रबीचको हो । पश्चगामीहरूले राजतन्त्रको पैरवी गर्दछन् । त्यो फर्किंदैन, उनीहरूलाई थाहा छ । यो देशमा अब राजतन्त्र कहिल्यै फर्किंदैन भन्ने कुरा सबैभन्दा राम्रो गरी यदि कसैलाई थाहा छ भने राजेन्द्र लिङ्देन, कमल थापा, पशुपतिशमशेर, रवीन्द्र मिश्र र दुर्गा प्रसाईंलाई छ ।

तर, आफ्नो स्वार्थपूर्तिका लागि तिनले थाहा पाई-पाईकन पनि 'राजा राजा' भनिरहनुपर्दछ । किनकि रैती मानसिकताले मनोवैज्ञानिक रूपमै सही कसै न कसैलाई मनमनै राजाको प्रतिमान बनाएर राखेको हुन्छ । त्यसो गर्दा ऊ सुरक्षित महसुस गर्दछ । कसैबाट संरक्षकत्व पाएको महसुस गर्दछ । राजतन्त्रवादी हुनुको मनोवैज्ञानिक अर्थ नै 'म सक्षम छैन, म सार्वभौम हुन लायक छैन, मलाई कसै न कसैको संरक्षकत्व चाहिन्छ, छत्रछायाँ चाहिन्छ' भन्ने स्वीकार गर्नु हो ।

आजको संघर्ष तीन वैचारिक ध्रुव- राजतन्त्र, दलतन्त्र र लोकतन्त्रबीचको हो । पश्चगामीहरूले राजतन्त्रको पैरवी गर्दछन् । त्यो फर्किंदैन, उनीहरूलाई थाहा छ । यो देशमा अब राजतन्त्र कहिल्यै फर्किंदैन भन्ने कुरा सबैभन्दा राम्रो गरी यदि कसैलाई थाहा छ भने राजेन्द्र लिङ्देन, कमल थापा, पशुपतिशमशेर, र वीन्द्र मिश्र र दुर्गा प्रसाईंलाई छ

एलिक्स डी. टक्भिलका शब्दमा- 'जब कोही मान्छे भित्र फदयदेखि नै कसैको दास हुन चाहँदैन, उसलाई संसारको कुनै पनि शक्तिले दास बनाउन सक्दैन । जब दास हुन चाहन्छ, मालिकको प्रतिमान उसले आफैं बनाउँछ, मालिक आफैं जन्माउँछ ।'

यथास्थितिवाद दलतन्त्रको पक्षपोषक भएको छ । उनीहरू अहिले 'सबै थोक ठीक छ' भन्छन् । जनतामा असन्तुष्टिको भाष्य कृत्रिम हो भन्छन् । उनीहरूको विचारमा जनता उनीहरूको शासनमा खुसी, सुखी र समृद्ध छन्, चाहे तथ्यले त्यो पुष्टि नगरोस् । हरेकका एउटा एउटा दल छन् । खास ती दल हैनन्, गुट हुन् भन्ने तिनलाई राम्रो थाहा छ । दलतन्त्रले देशमा र ाम्रो गरिरहेको छैन भन्ने यदि कसैलाई थाहा छ भने सबैभन्दा बढी केपी शर्मा ओली, शेरबहादुर देउवा, पुष्पकमल दाहाल, माधवकुमार नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराई, उपेन्द्र यादव आदिलाई थाहा छ ।

तर, उनीहरू यो सत्य भन्न सक्दैनन् । बोल्न सक्दैनन् । गुटस्वार्थले उनीहरूको वाणी हराएको छ । जिब्रोमा बसेकी सरस्वती सुतेकी छन् । आत्मामा खिया लागेको छ । बुद्धिको बिर्को बन्द छ । भएको अलिअलि शक्ति र हैसियत गुम्ने चिन्ताले ती मनमनै त्रसित छन्, निद्रामा पनि तर्सिने गरी ।

प्रत्येकको एउटा एउटा गुट छ- १०० देखि १००० सम्मको किचेन क्याबिनेट छ । यिनीहरूको धाउन्न तिनै गुट-सदस्यको पालनपोषण गर्नु हो । तिनलाई टिकट दिनु, राजनीतिक नियुक्तिको जोहो मिलाइदिनु, चुनाव जित्ने वातावरण बनाइदिनु, पैसाको जोहो गर्दिनु, राजनीतिबाटै जीविका चल्ने र सामाजिक हैसियत निर्माण हुने वातावरण बनाइदिनु हो ।

जसरी राजतन्त्रको एउटा राजाले भार दारहरूको बोझ बोक्छ र दु:ख बेसाउँछ त्यसरी नै यी दलतन्त्रका दलपतिहरू गुटको बोझ बोकेर फोकटको दु:ख बेसाइरहेका छन् । स्वार्थ त्यही एउटा हो- जयजयकार खाने र आफूलाई कथित रूपमा शक्तिशाली देखाउने । शक्तिको भ्रममा बाँच्ने र जिन्दगी सार्थक भएको ठान्ने । अन्यथा राजा हुनु पनि दु:ख बेसाउनु र स्वाभिमान गुमाउनु नै हो । दलपति हुनु पनि दु:ख बेसाउनु र आत्मसम्मानहीन हुनु नै हो । दास वा रैती हुनु, गुट-सदस्य वा करिअरिष्ट कार्यकर्ता हुनु दु:ख बेसाउनु मात्रै हैन, त्यो मान्छे हुन अस्वीकार गर्नु हो । सार्वभौम हुन अस्वीकार गर्नु हो ।

सार्वभौम नागरिक हुनुभन्दा ठूलो सुख र सन्तुष्टि संसारमा अरू केही हुँदैन । र जो साँचो अर्थमा सार्वभौम नागरिक हो, समान हैसियतको मान्छे हो- जो दास, रैती वा प्रजा हैन, जो दलपतिको गुट-सदस्य वा करिअरिष्ट कार्यकर्ता अर्थात् आधुनिक दास, रैती वा प्रजा हैन, तिनीहरूको विचार, सोच र आन्दोलन हो- लोकतन्त्र, नागरिकतन्त्र ।

र, आज कथित राजावादी आन्दोलन र दलपतिहरूको गुटतन्त्री शासनसत्ताको चपेटामा लोकतन्त्र ओझेलमा परेको छ । लोकतन्त्रको आन्दोलनलाई नयाँ ढंगले उडाउन, नयाँ प्रकारले विकसित गर्न जरूरी भइसकेको छ ।

आज नयाँ लोकतान्त्रिक आन्दोलनको सार कथित राजा वा रैती, दलपति वा गुटतन्त्रबाट देशलाई मुक्त गर्नु र नागरिकलाई सबै नीति र अभ्यासको केन्द्रमा ल्याउनु हो । अन्यथा नागरिक हराउनेछन् । लोकतन्त्र हराउने छ । नागरिक पहिलो, सार्वभौम र सर्वोच्च नभएको लोकतन्त्र के लोकतन्त्र ?

*(साभार: अनलाइनखबर)*

# भूकम्प पीडित चिसोले मरिरहेका छन्, सरकार दुर्गा प्रसाईंसँग भिडिरहेको छ



काठमाडौं/गत १७ असोजको मध्यरात गएको भूकम्पबाट जोगिएपनि बोरकोट गाउँपालिका-६, जाजरकोटका वीरबहादुर कामी चिसोबाट बच्न सकेनन् । ६६ वर्षीय वीरबहादुरको चिसोकै कारण २६ कात्तिकमा मृत्यु भयो ।

'वीरबहादुरको दुवै घर भूकम्पले भत्किएपछि हामीले नै दिएको पाल टाँगेर बारीमा बसेका थिए । बुढो शरीरले चिसो थेग्न सकेन', वडाध्यक्ष डम्बरबहादुर महतारा भन्छन् ।

वीरबहादुरको परिवारमा पत्नी मात्रै थिइन् । 'दुवै जना बृद्ध अवस्थाका भए, न्यानो बास र तातो खाना दिन सकेको भए ज्यान जोगिन्थ्यो कि !' वडाध्यक्ष महतारा भन्छन् ।

तर हरेकजसो घरको उस्तै समस्या भएकाले चाहेर पनि स्थानीय सरकारले खानेबस्ने प्रबन्ध मिलाउन सक्ने अवस्था नरहेको बाध्यता उनी सुनाउँछन् । वीरबहादुरले जसरी चिसो सहन नसकेर बारेकोट गाउँपालिकामा भूकम्पपछि चार जनाको मृत्यु भइसकेको छ ।

वडा नम्बर १ का कर्णे कामी र डुमे पुनको पनि चिसोकै कारण मृत्यु भएको थियो । त्यसअघि वडा नम्बर ४ का नरेन्द्रबहादुर सिंहको पनि चिसोकै कारण मृत्यु भएको गाउँपालिका अध्यक्ष वीरबहादुर गिरी बताउँछन् ।

'भूकम्पको इपिसेन्टर हाम्रै पालिका भएपनि संयोगले कसैले ज्यान गुमाउनु परेको थिएन । तर चासो बढेर जाँदा बृद्धबद्धालाई जोगाउन गाह्रो भइरहेको छ', पालिका अध्यक्ष गिरी भन्छन् । चिसो बढ्दै जाँदा सबै नागरिकलाई न्यानोमा राख्ने हैसियत पालिकासँग नभएको उनी बताउँछन् । 'पालिकाभर ५६ सय घरधुरी छन्, लगभग सबैजसो घर भत्किएका छन् । सबैलाई अस्थायी टहरामा लैजान सक्ने सामर्थ्य हामीसँग छैन, त्रिपालसम्म दिएका छौं', गिरी भन्छन् ।

जाजरकोट र पश्चिम रुकुममा गरी चिसोले १४ जना भूकम्प पीडितको मृत्यु भइसकेको स्थानीय अधिकारीहरू बताउँछन् । ज्यान गुमाउनेमध्ये धेरैजसो दीर्घरोगी भएको जाजरकोटका सहायक प्रमुख जिल्ला अधिकारी हरिश्चन्द्र शर्मा बताउँछन् । 'यो समयमा यहाँ चिसो नै हुन्छ, पालमुनि बस्नुपर्दा त्यसको पीडा धेरै भयो । तर हामीसँग अर्को विकल्प पनि त छैन', सहायक प्रजिअ शर्मा भन्छन् ।

तर नागरिकको ज्यान जोगाउन सकेजति प्रयत्न भइरहेको उनी बताउँछन् । 'त्रिपालले चिसो थेग्न मुस्किल छ । हामीले अस्थायी टहरा बनाउन सबैसँग अपिल गरेका छौं', सहायक प्रजिअ शर्मा भन्छन् । तर अस्थायी टहरा बनाउने कामले गति लिन सकेको छैन ।

संघीय सरकारले अस्थायी टहरा बनाउन ५० हजार रुपैयाँका दरले दिने निर्णय गरेको छ । तर अस्थायी टहरा बनाउनेबारे गृह मन्त्रालयले तय गरेको कार्यविधिले समस्या सिर्जना गरेको छ ।

'गृह मन्त्रालयले चार मिटर लम्बाइ र अढाइ मिटर चौडाइको अस्थायी टहरा बनाउन भनेर कार्यविधि बनाएछ, त्यो व्यवहारिक नभएपछि हामीले सच्याउन भनेका छौं', नेकपाका नेता चन्द्र बुढा भन्छन् ।

परिवार संख्या हेरेर अस्थायी टहरा बनाउनुपर्ने सुझाव पठाएको उनी बताउँछन् । यद्यपि आइतबार नै बसेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको आइतबार बसेको बैठकले कार्यविधिमा रहेको अस्थायी आवासको ढाँचा बाध्यकारी नभएको प्रष्ट पारेको छ ।

अर्कातिर सरकारले अस्थायी टहरा बनाउने घर संख्या समेत अहिलेसम्म पहिचान गर्न सकेको छैन । 'स्थानीय दैवी प्रकोप समितिलाई संख्या (अस्थायी टहरा बनाउनुपर्ने घर) सिफारिस गर्न भनेका छौं । अहिलेसम्म आइसकेको छैन', जाजरकोटका सहायक प्रजिअ शर्मा भन्छन् । पश्चिम रुकुममा पनि जाजरकोटकै जस्तो अवस्था छ, अस्थायी टहरा बनाउने घर संख्या यकिन हुन सकेको छैन ।

चिसोले भूकम्प पीडितको ज्यान जाने क्रम बढ्दो छ । सबभन्दा बढी बालबालिका, सुत्केरी र बृद्धबृद्धा समस्यामा छन् छ । 'पालले शीत छेक्न नसक्ने रहेछ । ओढ्ने लुगा बाक्लो नहुनेलाई ज्यान जोगाउन साह्रै गाह्रो हुन्छ', नेकपाका नेता बुढा भन्छन् ।

नेकपा एमालेका केन्द्रीय सदस्य निरज आचार्य पनि आर्थिक अवस्था कमजोर हुनेहरु चिसोबाट बढी पीडित भइरहेको बताउँछन् । 'अलिकति आर्थिक क्षमता भएकाले ज्याला दिएर अस्थायी टहरा बनाउँदैछन् । गरीब र असहायले भत्किएको घरबाट सामान निकाल्न पनि सकेका छैनन्', आचार्य भन्छन् ।

तर अस्थायी पुनर्स्थापनाको काममा सरकारको काम निराशाजनक रहेको उनी बताउँछन् । 'बल्लतल्ल भूकम्प पीडितलाई पालमुनि ल्याउने काम भएको छ । तर पालभित्र हिउँद कटाउन कठिन हुन्छ, थप नागरिकको ज्यान जाने खतरा छ', आचार्य भन्छन् ।

राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडा पनि चिसोकै कारण भूकम्प पीडितको ज्यान गइरहँदा सरकार माथि प्रश्न उठिरहेको बताउँछन् । 'उद्धार र राहतमा राम्रै भएको हो । तर अस्थायी पुनर्स्थापनामा ढिलो हुँदा सरकार असफल देखिन सक्छ', भूकम्प प्रभावित क्षेत्रको अनुगमनबाट फर्किएका खतिवडा भन्छन् । भूकम्प प्रभावित क्षेत्रको अनुगमन गर्न गत २० कात्तिकमा जाजरकोट पुगेर फर्किएका खतिवडा तत्काल अस्थायी टहरामा जोड दिनुपर्ने बताउँछन् ।

**चाहिएको मानवीय सहयोग**

अस्थायी पुनर्स्थापनामा सरकारी प्रयत्नले गति लिन नसक्दा सानै संख्यामा भएपनि स्वयंसेवकहरुले दिएको योगदानले ठूलो राहत मिलिरहेको जाजरकोटका सहायक प्रजिअ शर्मा बताउँछन् । 'सद्भाव देखाएर आउने स्वयंसेवकहरुले अस्थायी टहरा बनाउने र भत्किएको घरबाट सामान निकाल्ने गरिर हनुभएको छ । यसबाट पीडितहरुले राहतकै महसुस गरेका छन्', उनी भन्छन् ।

कति संख्यामा स्वयंसेवक परिचालित छन् र उनीहरुले कति भग्नावषेशबाट सामग्री निकाले भन्ने तथ्याङ्क स्थानीय प्रशासनले राखेको छैन । तर राजनीतिक दल र सामाजिक संस्थाहरुबाट परिचालित स्वयंसेवकहरुले भत्किएको घरबाट सामग्री निकाल्नेदेखि अस्थायी टहरा बनाउनेसम्म काम गरिरहेका छन् ।

तर अहिले परिचालित स्वयंसेवकहरुले मात्रै भूकम्प पीडितलाई यो हिउँदभित्रै अस्थायी टहरा बनाइसक्ने अवस्था छैन । 'सबैको घर भत्किएपछि यहाँका नागरिक पीडित भइहाले । बाहिर बाट अहिले आएका स्वयंसेवकले एक/दुई हजार टहरा बनाएपनि त्यसले पुग्दैन', एमाले नेता आचार्य बताउँछन् ।

एमालेले गत १ मंसिर बाट भूकम्प प्रभावित क्षेत्रमा स्वयंसेवक परिचालन गरेको छ । विभिन्न जनसंगठन र अरु प्रदेशबाट गरी एमालेले ११ सय स्वयंसेवक २८ समूह बनाएर पठाएको छ । हरेक समूहलाई सात वटा टहरा बनाउन भनिएको छ ।

टोलीमा विपद् व्यवस्थापन विभागका प्रमुख किरण पौडेल र सदस्य अब्दुस मियाँ छन्, भूतपूर्व गोरखा सैनिक संघका अध्यक्ष विनोद भण्डारी लगायत छन् । स्थानीय नेता भएकाले निरज आचार्य पहिलेबाटै खटिएका छन् । यो टोलीले विशेष गरी भत्किएको घरबाट सामग्री निकाल्ने काम गरिरहेको छ ।

एमालेजस्तै गरी नेपाली कांग्रेस, माओवादी केन्द्रलगायत दलका स्वयंसेवक पनि भूकम्प प्रभावित क्षेत्रमा खटिएका छन् । कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको टोली अस्थायी टहरा निर्माणकै थालनी गरेर फर्किएको छ । उनीहरु फर्किएलगत्तै कांग्रेसले ११०० स्वयंसेवक परि चालन गर्ने निर्णय गरेको छ ।

जनार्दन शर्मा, शक्ति बस्नेत जस्ता केन्द्रीय नेताहरुको भूगोल रहेको भूकम्प प्रभावित क्षेत्रमा माओवादीले ३५०० स्वयंसेवक परि चालन गर्ने निर्णय गरेको छ । तर व्यवस्थित रुपमा अस्थायी टहरा पुनर्निर्माणमा देखिन सकेको छैन ।

बरू सानै संख्यामा भएपनि नेत्रविक्रम चन्द नेतृत्वको नेकपाका कार्यकर्ता अस्थायी टहरा निर्माणमा जुटेका छन् । अरु साना दलका स्वयंसेवकहरु पनि अस्थायी टहरा निर्माणमा देखिन थालेको छ । तर उद्धार र राहतका बेला जसरी राजनीतिक नेताहरुको ध्यान भूकम्प प्रभावित क्षेत्रमा देखिएको थियो, अस्थायी पुनर्स्थापनामा त्यस्तो तत्परता देखिएको छैन ।

जबकी १५३ जनाको ज्यान जाने गरी १७ कात्तिकमा गएको भूकम्पबाट पूर्ण र आंशिक गरी ५७ हजार बढी घर भत्किएको प्रारम्भिक प्रतिवेदनले देखाएकाले अस्थायी टहरा बनाउन सरकारले दिने पैसा जतिकै आवश्यकता मानवीय सहयोगको छ ।

'चिसो असाध्यै बढेर गएको छ । पैसा पाएपछि पनि यो जाडोभित्रै अस्थायी टहरा बनाएर बस्न जनशक्ति पुग्ने देखिँदैन', बारेकोट गाउँपालिका-६ का अध्यक्ष महतारा भन्छन् । जिल्लाभर सबैको समस्या अस्थायी टहरा बनाउनुपर्ने भएकाले पनि बाहिरबाट आउने मानवीय सहयोगले ठूलो राहत पुग्ने उनी बताउँछन् ।

**ओझेलमा भूकम्प पीडित**

भूकम्पबाट क्षतिग्रस्त भग्नावषेश हटाउने, अस्थायी टहरा बनाउने र दीर्घरोगीहरुलाई जोगाउन नसकिरहेका बेला सरकार र प्रमुख राजनीतिक दलहरुको ध्यान भने अर्कैतिर देखिएको छ ।

'सरकार र राजनीतिक दलका नेतृत्वले मुलुकको मुख्य दायित्व भूकम्प पीडितको जीवनरक्षा भएको राष्ट्रिय सन्देश दिनुपर्ने हो । आमरुपमा कार्यकर्ता त्यसतर्फ परिचालित गर्नुपर्ने हो', राज्य व्यवस्था समितिका सभापति खतिवडा भन्छन्, 'तर गैरजिम्मेवार दुर्गा प्रसाईं जस्ता व्यक्तिको पछि लागेर नहुने काम गरिरहेको छ ।'

तर सरकार र राजनीतिक नेतृत्वले भने मुलुकको मुख्य समस्या दुर्गा प्रसाईंको आन्दोलनलाई मानिरहेको देखिन्छ । प्रमुख प्रतिपक्षी एमालेले त प्रसाईंको प्रतिवादमा राजधानी उपत्यकामा गत ७ मंसिरमा युवा-विद्यार्थी नै उतारेको थियो । यसको भोलिपल्टै, युवा संघका नेताहरुलाई पार्टी अध्यक्ष केपी शर्मा ओलीले व्यवस्था जोगाउन ठूलो आन्दोलनको तयारी थाल्न निर्देशन दिए ।

६ मंसिरको केन्द्रीय कमिटी बैठकबाट पनि ओलीले व्यवस्था जोगाउन सशक्त आन्दोलन गर्नुपर्ने बताएका थिए । आगामी १४ मंसिरदेखि मध्यपहाडी लोकमार्ग केन्द्रित अभियानबाटै आन्दोलन अगाडि बढाउने एमालेले निर्णय गरि सकेको छ ।

एमालेकै बाटो समात्दै सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्रले पनि राजधानी केन्द्रित जनपरिचालनको गृहकार्य गरिरहेको छ । आगामी २२ मंसिरमा माओवादीले व्यवस्था जोगाउन र सरकारले गरेको कामको प्रचार गर्न कार्यकर्ता सडकमा उतार्ने निर्णय गरिसकेको छ ।

आगामी पुसमा हुने महासमिति बैठकको गृहकार्य गरिरहेको कांग्रेसका सभापति शेर बहादुर देउवा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको व्यवस्था जोगाउनुपर्ने निर्णयमा साथ दिँदै आएका छन् ।

सत्तारुढ अरु दल र एमालेको समेत साथ पाएका प्रधानमन्त्री प्रचण्ड भने प्रसाईंको गतिविधि निस्तेज पार्ने एकपछि अर्को निर्णय गरिरहेका छन् । टिकटक प्रतिबन्ध, राजधानीका महत्वपूर्ण स्थानहरुलाई निषेधित क्षेत्र घोषणा, नेपाली सेनासहित एकीकृत सुरक्षा योजना कार्यान्वयन जस्ता निर्णय गरेर प्रधानमन्त्री प्रचण्डले आमसाधरणका ध्यान दुर्गा प्रसाईंतर्फ केन्द्रित गर्न बल पुर्‍याइरहेका छन् ।

अर्थात् भूकम्प प्रभावितहरुलाई जोगाउन अस्थायी टहरा बनाउनेतिर कार्यकर्ता केन्द्रित नगरेर दुर्गा प्रसाईं र उनको राजतन्त्र फर्काउने चाहनालाई राजनीतिक नेतृत्वले मुख्य समस्या मानिरहेको देखिन्छ । गत वर्षको चुनावमा अप्रत्यासित मत पाएको राप्रपा र नयाँ शक्तिका रुपमा उदाएको रास्वपाले पनि भूकम्प पीडितहरुको जीवनरक्षा मुलुकको मुख्य दायित्व भएको सन्देश दिन सकेको छैन ।

उद्धार र राहतका बेला राम्रै प्रयत्न गरेको रास्वपा अहिले सांसद निशा डाँगीलाई अस्थायी टहरा निर्माणको जिम्मा दिएर पन्छिएको छ । केही दिनदेखि मधेशका जिल्लाहरुमा संगठन बिस्तारमा केन्द्रित रास्वपाका अध्यक्ष रवि लामिछानेले आजबाट महोत्तरीको जलेश्वरमा पार्टी बैठक सुरु गरेका छन् ।

दुर्गा प्रसाईंको आन्दोलन र पूर्वराजा ज्ञानेन्द्र शाहको सक्रियताले राप्रपाको ध्यान पनि भूकम्प पीडितहरुतिर केन्द्रीत हुन सकेको छैन । अर्थात् सरकार र दलहरुले चिसोबाट भूकम्प पीडितको ज्यान जोगाउनुपर्ने एजेण्डाबाट आमसाधरणलाई दुर्गा प्रसाईंको मागतिर केन्द्रित गरिरहेका छन् । यस्तो प्रयत्नले झनै राजनीतिक नेतृत्वप्रति नागरिक वितृष्णा बढाउने कांग्रेस केन्द्रीय सदस्य रहेका खतिवडा बताउँछन् ।

'स्वयं राजा आफैंले गरेको राजनीति टिक्न सकेन, तिनका नाममा अरु कसैले गर्ने राजनीति हल्ला मात्रै हो', उनी भन्छन्, 'प्रणालीकै चिन्ता हो भनेपनि अहिले भूकम्प पीडितहरुको ज्यान जोगाउँदा नै नेतृत्वप्रति विश्वास बढ्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# 'दुई कदम'ले पूरा गरेको इओनको बाल्यकालदेखिको सपना



काठमाडौं/यही मंसिर २९ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'दुई कदम'बाट नेपाली फिल्म क्षेत्रले एक नयाँ अनुहार पाउँदैछ । उनी हुन्, इओन लिम्बु । फिल्मको हिरो बन्ने सपना उनको बाल्यकालदेखिको हो । यसका लागि उनले फिल्मसम्बन्धी अध्ययन पनि गरिरहेका छन् । यतिबेला उनी अस्कर इन्टरनेशनल कलेजमा 'ब्याचलर इन सिनेमा स्टडिज'मा अन्तिम वर्षमा अध्ययन गर्दैछन् ।

इओन आफ्नो पहिलो फिल्मलाई लिएर जति उत्साहित छन्, त्यति नै डर महसुस पनि गरिरहेका छन् । 'बाल्यकालमा देखेको सपना पूरा गर्न पाउँदा उत्साहित छु । अब दर्शकबाट कस्तो प्रतिक्रिया आउँछ भन्ने कुराले डर लागिरहेको छ,' उनी भन्छन् । पहिलोपटक क्यामेराअघि अभिनय गर्न सहज नरहेको उनको अनुभव छ । तर, रुचिको क्षेत्र भएकाले गम्भीर भएर काम गरेको इओनले बताए ।

पहिलो दिन सेटमा पुगेर अभिनय गर्दाको क्षण स्मरण गर्दै उनी भन्छन्, 'पहिलो दिन नै गीतको छायांकन भएकाले मेरो 'सिंगल सट' खिचिएको थियो । पहिलोपटक क्यामेराअघि उभिँदा डर र उत्साह दुवै थियो । तर, निर्देशक उदय सुब्बाले मलाई एकदमै सहज रुपमा अभिनय गराउनु भयो । जसले गर्दा त्यसपछिका दिनमा काम गर्न सहज भयो ।' फिल्म राम्रो बनेको समेत उनको दाबी छ ।

फिल्ममा इओनले चुलबुले युवकको भूमिका निभाएका छन्, जो साथीहरुसँग घुम्न र र माउन रुचाउँछ । आफू रियल लाइफमा पनि त्यस्तै भएकाले चरित्र निर्माणमा धेरै तयारी गर्नु नपरेको उनको भनाइ छ । 'मैले गरेको मेहनत अब पर्दामा आउँदैछ । अहिलेको समयलाई मैले जीवनकै सबैभन्दा महत्वपूर्ण क्षण मानेको छु,' उनी सुनिए । अब फिल्म क्षेत्रमै करिअर बनाउने उनको अठोट छ ।

'दुई कदम'मा इओनका अलावा सिमोन गिरी, सुनिल थापा, कविता आले, सुरवीर पन्डित, प्रेम सुब्बा र गौरव पहारी, बुद्धि तामाङ, अर्जुन गुरुङ, विमला लिम्बु, जीवन लिम्बु, चन्दा दाहाल र प्रितिका शर्माको पनि अभिनय छ । तारा देवी लिम्बुको लगानी रहेको फिल्ममा दयाराम घिमिरेको कथा र पटकथा लेखन, विक्रम डिसीको छायांकन, ताराप्रकाश लिम्बु र विकास चौधरीको संगीत छ ।

# फिल्मको कथाले समाज बदल्ने क्षमता राख्छन् : उपसभामुख मगर




काठमाडौं/प्रतिनिधि सभाकी उपसभामुख इन्दिरा राना मगरले फिल्ममेकरले फिल्ममार्फत् उठान गर्ने कथाले समाज बदल्ने क्षमता राख्ने बताएकी छन् । शनिबार चलचित्र विकास बोर्डमा आयोजित तेस्रो संस्करणको 'आइर्वाट नेपाल अन्तर्राष्ट्रिय महिला चलचित्र महोत्सव'को उद्घाटन समारोहमा बोल्दै उनले भूकम्प र कोरोना महामारीको समयमा महिलामाथि भएका हिंसाका घटनाहरुलाई फिल्ममा देखाउन पनि आग्रह गरिन् ।

'महामारीका बेला महिलाहरूमाथि थुप्रै हिंसाहरु भए । ती हिंसाका घटनाहरुलाई फिल्ममार्फत् बाहिर ल्याउन जरुरी छ । हामीले देखाउने धेरै कथाहरुले हाम्रो समाज परिवर्तन गर्न सक्छन्,' महोत्सवमा केही फिल्म हेरेपछि उनले अगाडि भनिन्, 'हरेक कथाले हाम्रो समाज बदल्ने क्षमता राख्छन् । लैङ्गिक हिंसा महिलालाई मात्र नभई पुरुषलाई पनि हुन्छ भन्ने कुरा फिल्ममा हेर्न पाइयो । नेपालमा हामीले यस विषयमा बहस समेत सुरु गर्न सकेका छैनौं ।'

महोत्सवमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय डेलिगेट्सहरूको सहभागिता रहेको थियो । शनिबार दिनभर चलेको महोत्सवको समापन भने सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले गरेकी थिइन् । सोही अवसरमा चौंथो 'आइर्वाट लघु चलचित्र प्रतियोगिता'का विजेताहरुलाई पुरस्कार पनि प्रदान गरियो । अनुष्का अर्यालद्वारा निर्देशित 'सङ्कुल' प्रथम भयो भने अनिता स्याङबो निर्देशित 'वर्थु', श्रेयन राजभण्डारी निर्देशित 'अक्वारियम', पुनम पौडेल निर्देशित 'लिभिङ विथ डिग्निटी' र सरिता शाह निर्देशित 'नोटबुक'ले विशेष लघु चलचित्रको पुरस्कार प्राप्त गरे ।

डेलिगेट्सको रूपमा महोत्सवमा सहभागिता जनाउन आइर्वाट भारतकी म्यानेजिङ ट्रस्टी तथा फिल्ममेकर आराधना कोहली कपुर, बङ्गलादेशकी फिल्ममेकर, मानवअधिकारकर्मी तथा पत्रकार सुमी खान, तान्जानियाकी पत्रकार तथा फिल्ममेकर मारियम मोहम्मद हमादी, किर्गिस्तानकी फिल्ममेकर तथा पत्रकार जाम्बी जुजुबालिविभा, आइर्वाट नेपाली संस्थापन वन्दना राणा, आइर्वाट नेपालकी पूर्व अध्यक्ष अनुपा श्रेष्ठ, नेपालकी फिल्म निर्माण सल्लाहकार प्रसुना डङ्गोल लगायतको उपस्थिति रहेको थियो ।

महोत्सवमा नेपाली र विदेशी गरी १३ वटा फिल्म प्रदर्शन गरिएको थियो । कम्बोडियाको 'सेक्रेट किलर', ट्युनिसियाको 'द नाइट अफ द ब्लाईन्ड मुन', तान्जानियाको 'मुहाली', किर्गिस्तानको 'सागा अन ओमेन' लगायतका फिल्महरू प्रदर्शन भएको थियो ।

कार्यक्रमको समापनमा मन्त्री शर्माले समाज परिवर्तनमा महिला फिल्मकर्मीहरूको प्रयासलाई धन्यवाद व्यक्त गरिन् । उनले भनिन्, 'हामीले अहिले विभिन्न क्षेत्रमा महिला सशक्तीकरणका अभ्यासहरू भइरहेको देखेका छौं । फिल्म क्षेत्रमा समाजलाई सन्देश दिने ढङ्गले जसरी महिला फिल्मकर्मीहरूले जुन प्रयत्न गरिरहनुभएको छ, उहाँहरूलाई म धन्यवाद दिन चाहन्छु । यो कामले निरन्तरता पाउन सकोस् ।' उनले सरकारले महिला फिल्मकर्मीहरूलाई प्रोत्साहन दिने खालका योजनाहरूमा काम गरिरहेको पनि बताएकी छन् ।

महोत्सवमा काठमाडौं महानगरपालिका अन्तर्गतको युनेस्को चलचित्र नगरी परियोजना र चलचित्र विकास बोर्डले सहकार्य गरेका थिए । एक भिडियो सन्देशमार्फत महानगरपालिकाकी उप-प्रमुख सुनिता डङ्गोलले यो महोत्सवलाई एउटा अवसरको रूपमा लिनुपर्ने बताइन् । उनले भनिन्, 'यो महोत्सवले धेरैभन्दा धेरै महिला फिल्मकर्मीहरूलाई प्रोत्साहन दिनेछ । नयाँ पुस्ताका चलचित्रकर्मीहरूलाई पनि चलचित्र क्षेत्रमा आफ्नो भविष्य बनाउने आशा दिनेछ भन्नेमा आशा लिएको छु ।'

महोत्सवको दौरान पूर्व प्रहरी प्रमुख सर्वेन्द्र खनालको उपस्थितिमा नेपालकी पहिलो महिला चलचित्र निर्देशक सुचित्रा श्रेष्ठलाई सम्मान गरिएको थियो । रेडियो तथा टेलिभिजनमा आबद्ध महिला पत्रकारहरूको छाता सङ्गठन इन्टरनेशनल एसोसिएसन अफ वमन इन रेडियो एन्ड टेलिभिजन (आइर्वाट)को नेपाल शाखाले यो महोत्सवको आयोजना गरेको हो ।

# नेपालकी बुहारी बन्दै 'जुगजुग जियो' अभिनेत्री प्रजक्ता



काठमाडौं/भारतीय अभिनेत्री प्रजक्ता कोली नेपालकी बुहारी बन्दैछिन् । नेपाली प्रेमी वृशांक खनालसँग यसै हप्ता काठमाडौंको एक रिसोर्टमा उनी विवाह बन्धनमा बाँधिँदैछिन् । केही दिन अगाडि उनी नेपाल आइसकेकी छन् । उनले शनिबार साँझ साडीमा काठमाडौंलाई पृष्ठभूमि बनाएर चन्द्रागिरी रिसोर्टमा खिचेको एक तस्विर इन्स्टाग्राममा राख्दै नेपाली भाषामा 'त्यस्तो चिसो छैन' भनेर लेखेकी छन् ।

उनले शुक्रबार इन्स्टामा प्रेमी खनालसँगको दुईवटा तस्बिर सेअर गर्दै हार्ट-इमोजी राखेर 'म र मेरो' भनेकी छन् । तस्विरमा खनाल ढाकाटोपी लगाएर दौरा सुरुवालमा ठाटिएका छन् भने प्रजक्ता रातो रंगको साडीमा छिन् । उनीहरु सन् २०११ देखि प्रेम सम्बन्धमा छन् । मुम्बई विश्वविद्यालयमा सँगै अध्ययन गर्ने क्रममा एकजना संयुक्त साथीको माध्यमबाट उनीहरुबीच चिनजान भएको थियो ।

प्रजक्ता भारतकी चर्चित युट्युबर समेत हुन् । दैनिक जीवनलाई हाँस्य रूपमा प्रस्तुत गर्ने उनको शैलीलाई युट्युबमा निकै रुचाइन्छ । 'मस्टलीसेन'को रुपमा चर्चित रहेकी उनले रेडियो जकीको रुपमा करिअर सुरु गरेकी थिइन् । उनलाई लोकप्रिय भने युट्युबले बनायो । 'ख्याली पुलाव' सर्ट फिल्मबाट अभिनय करिअर सुरु गरेकी कोलीले फिल्म 'जुगजुग जियो'मा पनि अभिनय गरेकी छन् ।

प्रजक्ताले विद्या बालनको मुख्य भूमिका रहेको 'नियत' र नेटफ्लिक्स सिरिज 'मिसम्याच्ड'को दोस्रो सिरिजमा पनि काम गरिसकेकी छन् । चाँडै उनी प्राइम भिडियोको एक हरर वेब सिरिजमा काम गर्ने तयारीमा छिन् । त्यस्तै, वृशांकले अमेरिकामा कानुन व्यवसाय गर्दै आइरहेका छन् । उनले कोलीसँग गत असोजमा इन्गेजमेन्ट गरेका थिए । पछिल्लो समय उनीहरु अमेरिका बस्ने गरेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**हेटौंडा उपमहानगरपालिका**
**१० नं वडा कार्यालयको सूचना**

बालश्रम बालविकासमा असर पार्ने शोषणजन्य कार्य हो । बालश्रमले बालबालिकाको वृद्धि र विकासमा गम्भीर असर पार्ने गर्दछ । यसको अन्तका लागि सरोकारहरुले गम्भीर भएर सोच्नु जरुरी छ ।

फूर्वा दोर्जे तामाङ्ग
(वडा अध्यक्ष) तथा
**१० नं. वडा कार्यालय परिवार**

# थाहानगरमा उत्पादित मुलाले पाएन मूल्य

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ बेमौसमी तरकारीको 'पकेटक्षेत्र' मानिएको उत्तरी मकवानपुरको थाहानगरमा उत्पादन भएको तरकारीको उचित मूल्य नपाउँदा किसान मारमा परेका छन् ।

थाहानगरका किसानको मुख्य आम्दानीको श्रोतमा रहेको तरकारीले उचित मूल्यको बजार नपाउँदा उनीहरुले लगानी गरेर उत्पादन गरेको भन्दा निकै कम मूल्यमा तरकारी बेच्नु परेको छ । अझ किसानकै भाषामा भन्दा उनीहरुले उत्पादन गरेको तरकारी 'कौडी'को भाउमा बेच्नु परेको छ । थाहानगर क्षेत्रमा यतिबेला टमाटर, काउली तथा मुला उत्पादन भइरहेको छ । तर, किसानहरु उत्पादन भएको तरकारीले भाउ नपाउँदा निराश छन् । लाखौं रुपैयाँ लगानी गरेर निकै मेहनतको साथमा उत्पादन गरेर बेच्ने बेलामा भाउ नआउँदा यहाँको किसानमा निराशा छाएको छ ।



उनीहरुले उत्पादन गरेको तरकारी सित्तैमा लैजाऊ भन्दा पनि मानिस नभएको भन्दै उत्पादित तरकारीलाई बारिमा नै नष्ट गर्नुपर्ने वाध्यात्मक अवस्थाको सृजना भएको किसानहरुको भनाई छ । थाहा नगर पालिका-२ का किसान निरोज प्रधान अहिले एक रुपैयाँ किलोमा पनि मुला बिक्री गर्न नसकेको बताउँछन् । उनले भने, 'एक पोका मुलाको बीउ २५ सय रुपैयाँसम्म पर्छ । अर्थात् एक गेडा मुलाको बीउको मात्र ५ रुपैयाँ पर्न आउँछ तर, उत्पादन भएको मुला एक रुपैयाँमा पनि बिक्री नहुँदा अहिले हामीलाई निकै समस्या परेको छ । काउलीको मूल्य पनि उस्तै छ ।'

अहिले थाहा नगर पालिकामा प्रतिकिलो ५ रुपैयाँमा काउली बेच्न किसान बाध्य छन् । 'आफूले ५ रुपैयाँमा बेचेको काउली नजिकैको काठमाडौं र हेटौंडामा ५०-६० रुपैयाँ किलोमा बिक्री भइरहेको आँखैले देख्नु परेको छ तर, हामी किसानहरु भने सधैं मारमा नै छौं, उनले भने । थाहा नगरपालिकालाई बेमौसमी तरकारी उत्पादन केन्द्रको रुपमा लिइएको छ । यहाँको तरकारी नेपालको हरेक जिल्लाको बजारमा पुग्ने गरेको छ । तर, उत्पादनकर्ता किसान भने सधैं घाटामा रहेको कारण युवाहरुले तरकारी खेतीलाई अब पेशाको रुपमा लैजाने अवस्था कम हुँदै गएको थाहानगरका अर्का किसान रामसिंह वाइबा बताउँछन् ।

वाइबाले भने 'हामीले निकै मेहनत गरेर तरकारी फलाउँछौं, मल पानीको उचित व्यवस्थापन गरेर फलाउँछौं तर, बिक्री गर्ने बेलामा भने सधैं घाटा मात्र हुने भएपछि अब यस्तोखाले व्यवसाय गरेर कसरी परिवार पाल्न सक्छौ र ?' तरकारी उत्पादन गरेर घरपरिवारलाई पाल्न समस्या हुँदै गएपछि यहाँका सयौं किसानहरु वैदेशिक रोजगारीको लागि जानु परेको उनको भनाई रहेको छ ।

**शीतभण्डारण नहुँदा समस्याः मेयर विष्ट**

थाहा नगरपालिकाका मेयर विष्णुबहादुर विष्टले आफू पनि किसान भएकाले कृषकहरुका समस्या बुझेको बताए । उनले शीतभण्डारण केन्द्रको अभावका यहाँका किसानले सस्तो मूल्यमा तरकारी बेच्नु परेको बताए ।

बिष्टले भने, 'हामी घाटा खाएर पनि प्रत्येक वर्ष अरबौंको तरकारी निर्यात गरिरहेका छौं तर, अब एउटा शीतभण्डार केन्द्रको निर्माण गरेर किसानको उत्पादनलाई बजार अनुसार निर्यात गर्ने सोचको साथ ९ करोड रुपैयाँ खर्च गर्दै छौं ।'

एकैपटक स्थानीय तहसँग ९ करोड रुपैयाँको योजना सम्पन्न गर्न बजेट अपुग हुने भन्दै उनले आफूले यसबारे प्रदेश र केन्द्र सरकारसँग समन्वय गरिरहेको बताए । प्रदेश र केन्द्रले बजेट दिने आसमा आफूहरुले शीतभण्डार कक्षको लागि टेण्डर समेत आव्हान गरिसकेको उनको भनाई रहेको छ ।

# च्यालेन्ज कपमा सेमिफाइनल समिकरण पूरा

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ एफसी मुण्डियालको आयोजनामा हेटौंडामा जारी २१ वर्ष मुनीको फुटबल प्रतियोगिताको सेमिफाइनल समिकरण पूरा भएको छ ।

रियलस्टार क्लव र हेटौंडा फुटबल एकेडेमीबीचको अन्तिम क्वार्टरफाइनल खेल सकिएसँगै प्रतियोगिताको सेमिफाइनल समिकरण पूरा भएको हो । आइतबारको खेलमा हेटौंडा फुटबल एकेडेमीलाई सडनडेथमा स्तब्ध पार्दै रियल स्टारले अन्तिम ४ मा स्थान बनाएको छ ।

निर्धारित समय र टाइब्रेकर समेत बराबरी भएपछि सडनडेथमार्फत् निर्णय लिइएको हो । सडनडेथमा रियल ५-४ ले विजयी भयो । निर्धारित समयमा दुवै टिमले पाएको केही मौकालाई गोलमा परिणत गर्न नसक्दा खेल गोलरहित बराबरी भएको थियो । खेलको म्यान अफ द म्याच रियलस्टारका गोलरक्षक आयुष गोले घोषित भए । उनले नगद दुईहजार पाँचसय रुपैयाँसहित ट्रफी प्राप्त गरे । प्रतियोगितामा सोमबार सेमिफाइनल खेल हुनेछ ।

पहिलो खेल नवजनजागृति युवा क्लव र रियलस्टार क्लवको बीचमा हुनेछ भने दोस्रो खेलमा सहीदस्मृति क्लव बागमती गाउँपालिका र एन्फा मकवानपुर भिड्नेछन् । फाइनल खेल बुधबार हुनेछ । १४ वटा टिमको सहभागिता रहेको प्रतियोगिताको विजेताले एकलाख ११ हजार ११ र उपविजेताले ५५ हजार ५५५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै विधागत उत्कृष्ट खेलाडी र प्रशिक्षकले समेत नगद र ट्रफी प्राप्त गर्ने छन् ।

# हेटौंडा दरबन्दी भएकासहित २६ प्रहरी सम्पर्कविहीन

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ हेटौंडास्थित बागमती प्रदेश प्रहरी कार्यालयमा दरबन्दी भएका एक प्रहरीसहित २६ जना प्रहरी सम्पर्कविहीन भएका छन् ।

नेपाल प्रहरीमा विभिन्न पदमा कार्यरत २६ जना सम्पर्कविहीन भएको प्रहरी प्रधान कार्यालयले सूचना जारी गरेको छ । सूचनाअनुसार कैलाली घर भई हेटौंडामा कार्यरत् रविन चौधरी सम्पर्कविहीन भएका हुन् । चौधरी सहित बागमती प्रदेश प्रहरी कार्यालय मातहतका जिल्लाहरुमा कार्यरत् अन्य चार जना प्रहरी पनि सम्पर्क विहीन भएको सूचनामा उल्लेख छ । चारजना प्रहरीको नाममा प्रदेश प्रहरीले सूचना जारी गरेको हो । जानकारीबिनै दुई/तीन महिनादेखि सम्पर्कविही भएपछि प्रहरी प्रधान कार्यालयले खोजी गरेको छ ।

लामो समयदेखि सम्पर्कमा नआएपछि २६ जनाको नाममा प्रहरी प्रधान कार्यालयले हाजिर हुन सूचना जारी गरेको छ । पहिलोपटक सूचना जारी गर्दासमेत हाजिर नभपछि प्रहरी प्रधान कार्यालयले सात दिनभित्र स्पष्टीकरणसहित उपस्थित हुन सूचना जारी गरेको हो ।

# किवानिज क्लब मकवानपुरको पद हस्तान्तरण



साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/१८ वर्षमुनीका बालबालिकाको क्षेत्रमा काम गरिरहेको अन्तराष्ट्रिय संस्था किवानिज क्लब मकवानपुरको सन २०२३/२४ का लागि पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ ।

किवानिज क्लब मकवानपुरका संस्थापक अध्यक्ष तीर्थराज पराजुलीको सभाध्यक्षतामा भएको कार्यक्रममा सन २०२३/२४ का लागि नवनिर्वाचित अध्यक्ष माधब गौतमलाई पद हस्तान्तरण गरिएको हो । गौतम मकवानपुरको मनहरी-४ स्थित पशुपतिनाथ माविका विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष पनि हुन् । गौतमको नेतृत्वमा बरिष्ठ उपाध्यक्ष पवन खड्का, उपाध्यक्ष गोबिन्दप्रसाद प्याकुरेल, सचिव भीमप्रसाद फुँयाल (दिनेश), कोषाध्यक्ष ईश्वर रिजाल चयन भएका छन् ।

क्लबको जनसम्पर्क प्रमुखमा रीताकुमारी पराजुली र बालकोष प्रमुखमा भानुभक्त आचार्य, सदस्यहरु रामप्रसाद खडका, शारदा भुजेल, पूर्णप्रसाद अर्याल, सुरेश गौतमलगायत १७ सदसीय समिति चयन भएको छ ।

किवानिज क्लब नेपालका अध्यक्ष तीर्थकुमार सिंहको प्रमुख आतिथ्यमा पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको हो । हरेक महिनाको अक्टोवरबाट नेतृत्व परिवर्तन गर्ने यो क्लबको विधान हो । कार्यक्रममा किवानिज क्लब नेपालका सचिव युवराज न्यौपाने, कोषाध्यक्ष शिबबहादुर काफ्ले लगायतको सहभागिता रहेको थियो ।

# रानी सामुदायिक वनको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ मकवानपुरको हेटौंडा उपमहानगर पालिका-६ चौघडास्थित रानी सामुदायिक वन उपभोक्ता समूहको साधारणसभा सम्पन्न भएको छ ।



समूहको २७ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको हो । कार्यक्रम समूहका अध्यक्ष विष्णुप्रसाद न्यौपानेको सभाध्यक्षता तथा डिभिजन वन कार्यालय, मकवानपुरका डिभिजनल वन अधिकृत पुष्पराज बर्तौलाको प्रमुख आतिथ्यतामा भएको हो । साधारण सभाको अबसरमा विभिन्न विधाका १५ जना व्यक्तिलाई सम्मानित गरिएको थियो ।

कार्यक्रममा हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, मकवानपुरगढी-३ का वडाअध्यक्ष भागवत घिमिरे, ४ का वडाअध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, हेटौंडा-६ का वडासदस्य विजय पौडेल, लेखराज ढकाल, मुना विक, सरिता सापकोटालगायत विभिन्न वन उपभोक्ता समूहका प्रतिनिधि, सहकारीका प्रतिनिधि, विद्यालयका प्रतिनिधिको सहभागिता रहेको थियो ।

# समय र बस थपेर फेरि चालु भयो द्रुत बससेवा

काठमाडौं, १० मंसिर/ सार्वजनिक सवारी क्षेत्रमा ठूलै परिवर्तन ल्याएजसरी सरकारले सूर्यविनायक-रत्नपार्क रुटमा द्रुत बस सेवा थाल्नलाई संविधान दिवसको विशेष दिन छानेको थियो । भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालालाई नै सवार गराएर जतिसुकै ठूलो तामझाम गरिए पनि त्यो जोशले एक महिना काट्न पाएन ।

पर्याप्त पूर्वतयारी नगरी तामझाम देखाइहाल्ने हतारो नै त्यसको कारण थियो । तोकिएको समयमा सवारी साधन छुटाएर, अनि आकलन गरिएको समयभन्दा ढिलोगरी गन्तव्यमा पुर्‍याएर फितलो देखिन पुगेको यो सरकारी प्रयास फेरि आइतबारबाट नयाँ ढंगमा सुरु भएको छ ।




त्यसका लागि बस सञ्चालन गर्ने समय, बसको संख्या थपेर सुरु गरेको द्रुत बसले प्रत्येक बस छुट्ने समय २ मिनेट घटाएको छ ।

द्रूत बस सुरु गर्दा विहान ९ बजेदेखि ११ बजेसम्म भनिएकोमा अब ८ : ३० बजे देखि ११ : ३० बजेसम्म चल्ने छ । यस्तै बेलुका ३ बजेदेखि ५ बजेसम्म भनिएकोमा साढे ३ देखि साढे ५ बजेसम्म सञ्चालन हुने यातायात व्यवस्था विभागले जनाएको छ ।

यसअघि २५ वटा बस चलाएर ५/५ मिनेटको फरकमा रत्नपार्क र सुर्य विनायकबाट छुट्ने गाडी अब ३/३ मिनेटमा छुट्ने छ । सवारी सहजताका लागि ११ वटा बस थपिएको विभागका प्रवक्ता ईश्वरीदत्त पनेरुले बताए ।

यस अगाडि पनि द्रुत बस कहिले बन्द नभएको दाबी गर्दै पनेरुले व्यवहारिक नहुँदा गलत मेसेज भएको बताए ।

'द्रुत बस कहिले पनि बन्द भएको थिएन, दंशै तिहार लागेपछि यो रुटमा चल्ने सवारीहरु उपत्यका बाहिर गएकोले सेवा नदिएको जस्तो लागेको हो', उनले यस अगाडिको समयलाई पहिले नै परीक्षणकाल राखिएको भन्दै अब व्यवस्थित ढंगले चलाउने दाबी गरे ।

चोकमा नरोकिने, ट्राफिक सक्रिय हुने : आइतबार देखि माइतीघर, कोटेश्वर, जडिबुटी जस्ता ट्राफिक जाम बढी हुने चोकहरुमा द्रुत बस नरोकिने गरी ट्राफिक व्यवस्थापन गरिएको विभागले जनाएको छ । 'सर्वसाधारण यात्रूले सार्वजनिक यातायातको कस्तो हुन्छ भनेर अनुभव गर्ने गरी सवारी र ट्राफिक व्यवस्थापन गरेका छौं, पुरानै रुटमा चल्ने भएपनि अब निर्धारित ४५ मिनेटमै पुग्ने गरी काम गरेका छौं,' विभागका प्रवक्ता पनेरुले भने ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) राजेन्द्र भट्टले आवश्यकता अनुसार ट्राफिकको संख्या लोकल युनिटहरुले बढाउने बताए । 'द्रुत बस सुरु हुनेवित्तिकै त्यो लेनमा ट्राफिकको संख्या त बढेको छ ।

अहिले पनि विभिन्न युनिटहरुले आवश्यकताको आधारमा, कार्यालयमा समयमा थप जनशक्ति पठाइरहेको हुन्छ', एसएसपी भट्टले सँग भने । भट्टले कार्यालय समयमा अन्य सवारीहरुले लेन अनुशासन मानेको खण्डमा सार्वजनिक सवारी सहज हुने बताए ।

लेन अनुशासन मुख्य चुनौती : विभागका प्रवक्ता पनेरु अन्य सवारी चालकहरुले लेन अनुशासन नमान्दा समस्या भएको सुनाउँछन् । 'हामीलाई हरेक कुरा बानी पर्नुपर्छ, त्यही भएर सुरुवाती समय परीक्षण कालको रुपमा राखेका थियौं, अब विस्तारै लेनमा कडाई गरेर द्रुत बस सेवालाई प्राथमिकता दिन ट्राफिक प्रहरी मार्फत काम पनि गर्दै छौं तर लेन अनुशासन भएन भने सम्भव छैन', उनी भन्छन् ।

पनेरुले जनता आफैंले पनि सार्वजनिक यातायातको महत्व बुझ्नुपर्ने अवस्थामा खासै नटेरेको बताए ।

'हाम्रा जनता पनि त्यस्तै छन्, सार्वजनिक सवारी राम्रो भए यातायात प्रणाली सुन्थ्यो भनेर सोच्दैनन्, लेन मिच्न छोड्दा पनि धेरै हदसम्म सहज हुन्थ्यो', उनले अटेर गरे कारबाही गर्ने बताए 'हामीले जनचेतना होस्, जनता आफैंले बुझ्न भनेर अहिलेसम्म कारबाही गरेका छैनौं अब अन्तिम विकल्पमा ट्राफिक मार्फत कारबाही गर्नुपर्ने हुन्छ ।'

पनेरुले भनेजस्तै ट्राफिक प्रहरी पनि अन्य सवारीले लेन मिचेको कारण प्रभावकारी द्रुत बस सेवा सञ्चालनमा असर परेको बताउँछन्, तर कारबाही गर्ने कुरामा सहमत छैनन् । 'हाम्रो बाटोको अवस्था हेर्नुपर्छ, पूर्वाधार हेर्नुपर्छ । एक त रोड नै सानो छ, कोटेश्वर-जडिबुटी जस्तो स्थानमा द्रुत बसकै लागि भनेर तोकिएको लेनमा अर्को गाडी हिड्नुपर्ने बाध्यता नै रहेको छ', एसएसपी भट्टले भने ।

लेन अनुशासनको लागि पहिलेको भन्दा धेरै प्राथमिकता दिएर ट्राफिक प्रहरी खटाइने भएपनि चिट काटेर कारबाही गर्न सहज नहुने बताए । 'हामीले कारबाही गर्न थाल्यौं भने झन धेरै जाम हुन्छ, सवारीको फ्लो अनुसार सडक नहुँदा कारबाही गर्न मिल्दैन', भट्टले भने ।

सवारी लेनको अनुशासनको विषय डेटिकेटेड लेनको मात्रै नभई सबैतिर रहेको भन्दै आम प्रवृत्ति सुधार हुनुपर्ने उनी बताउँछन् । बस सञ्चालकहरु धेरै जिम्मेवार हुनुपर्ने भन्दै तोकिएको समय भन्दा धेरै समय सवारी नरोक्ने, अनावश्यक होडबाजी नगर्ने विषयमा चालकहरु गम्भीर हुनुपर्ने बताए ।

उनले द्रुत बस सवारी चालकहरुलाई पहिले सचेतना क्लाससमेत चलाइएको भएता पनि सोचेजति गम्भीर नभएको बताए ।

बस सञ्चालनको जिम्मा पाएको राष्ट्रिय यातायात व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले अन्य सवारीको लेन अनुशासन नै मुख्य चुनौती रहेको भन्दै सरकारले ध्यान दिनुपर्ने बताउँछन् । 'हामी ट्राफिक नियम, लेनको नियम सबै मान्छौं तर लेन क्लियर र पूर्वाधारमा सरकारले ध्यान दिनुपर्‍यो नि रङ पोतेर मात्रै द्रुत हुँदैन', सिटौला भन्छन् ।

उनले सरकारले पूर्वाधार र ट्राफिक व्यवस्थापन चुस्त गरे सार्वजनिक सवारीमा यात्रूको आकर्षण बढ्ने बताए । 'समय तोकेर गन्तव्यमा पुग्न थालेपछि त साना सवारी कम हुन्छ नि, साना सवारी कम हुने वित्तिकै सडकमा चाप कम हुन्छ, यसले अन्तमा त ट्राफिक व्यवस्थापन मै टेवा पुग्ने हो', सिटौलाले भने । सरकारले द्रुत बसको लागि तोकिएको लेन र ट्राफिक व्यवस्थापनमा सहज भएर यातायात व्यवसायीले आवश्यकता अनुसार बस थप्ने, अन्य स्थानमा पनि सेवाको सुचारु गर्ने सिटौला बताउँछन् ।

पूर्वाधार विना चलाउँदा समस्या : ट्राफिक प्रहरीका पुर्व एसएसपी जगतमान श्रेष्ठले विभागले द्रुत बस सञ्चालन गर्दा पूर्वाधारको समस्या रहेको बताए ।

'भक्तपुरतर्फ पूर्वाधारमा डेटिकेटेड लेनले काम गर्ला काठमाडौंमा गाह्रै छ, साँघुरो सडकमा छुट्टै लेन सहज कुरै होइन', महानगरका ट्राफिक सल्लाहकार समेत रहेका श्रेष्ठले भने ।

उनले संसारमा उत्कृष्ट मानेको सार्वजनिक सवारी साधन व्यवस्थित गर्ने मोडल भए पनि विकसित देशहरुमा पूर्वाधार निर्माण गरेको हुँदा राम्रो भएको बताए । 'सार्वजनिक यातायात सुधार गर्न विकसित देशहरुमा यो राम्रो छ तर हाम्रो जस्तो देशमा लेन छुट्याउने कुरा चुनौतीपूर्ण नै हुन्छ । अरुले खसी खाएको देखेर बाखा काट्नु जस्तै हो', श्रेष्ठले भने ।

उनले सार्वजनिक सवारी सुधार गर्नको लागि अहिले भइरहेको सार्वजनिक सवारीको बस स्टप, बसपार्क, रोक्ने समय, लेन अनुशासनलाई गतिलो बनाउन सकिने विकल्प दिए ।

*(स्रोत: अनलाइनखबर)*

# बागमती प्रदेशस्तरीय सुरक्षा गोष्ठी सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ काभ्रेपलाञ्चोकको धुलिखेलमा आइतबारबाट बागमती प्रदेशस्तरीय दुई दिने सुरक्षा तथा अपराध अनुसन्धान गोष्ठी सुरु भएको छ ।

गोष्ठी प्रदेशस्थित आन्तरिक मामिला तथा कानुन मन्त्रालय र बागमती प्रदेश प्रहरी कार्यालयको संयुक्त आयोजनामा भएको हो । गोष्ठीमा प्रदेशका १० जिल्लाका प्रहरीप्रमुख, अपराध अनुसन्धान अधिकृत र जिल्ला न्यायधीवक्ताको सहाभागिता रहेको छ ।

गोष्ठीमा साइबर अपराधको विद्यमान अवस्था, अनुसन्धानका चुनौती तथा बागमती प्रदेशमा अपराधको प्रवृति र अपराधमा प्रविधिको प्रयोगलगायत विषयमा छलफल हुने जनाइएको छ ।

# अनेरास्ववियु बागमती प्रदेश अध्यक्षमा बुढाथोकी




साझाकुरा संवाददाता

हेटौंडा, १० मंसिर/ बागमती प्रदेशको राजधानी हेटौंडामा सम्पन्न अनेरास्ववियु बागमती प्रदेश कमिटीको प्रथम अधिवेशसनबाट लालबहादुर बुढाथोकी (एलबी)को अध्यक्षतामा ५१ सदस्यीय प्रदेश कमिटी सर्वसम्मत निर्वाचित भएको छ ।

अनेरास्ववियुको हेटौंडामा सम्पन्न प्रथम प्रदेश अधिवेशनबाट आयोजक कमिटीका सह-संयोजक रहेका बुढाथोकीको अध्यक्षतामा ५१ सदस्यीय कमिटी निर्माण भएको हो । कमिटीको उपाध्यक्षमा युवराज दाहाल, अच्युत उप्रेती र निशा पुडासैनी, सचिवमा प्रकाश कालाखेती, उपसचिवमा प्रशान्तजंग पाण्डे, पवन तामाङ र जिपछिरिङ शेर्पा चयन भएका छन् । यसैगरी कोषाध्यक्षमा अमृत थापा र कार्यालय सचिवमा लक्ष्मण सिलवाल सर्वसम्मत चयन भएका छन् ।

जय शिव शम्भो
धार्मिक यात्रामा जाने हो ?
मथुरा, वृन्दावनको लागि
२०८० मंसिर १४ गते
रिजर्भ बस खुल्दैछ



(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)
भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)
(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)
सम्पर्क:
गोपाल थापा
हेटौंडा बसपार्क
९८४५२९७६८१

व्यक्तिगत विवरण सुरक्षित राखौं, साईवर अपराधबाट जोगिऔं
कम्प्युटर, मोवाईल र ईन्टरनेट प्रयोग गर्दा:
- बलियो पासवर्ड राखौं र पासवर्डलाई नियमित रुपमा परिवर्तन गरौं
- अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौं । अपरिचित व्यक्तिले युजरनेम र पासवर्ड मागे नदिऔं
- ह्वाट्स एप, ईमो, भाइबर, मेसेन्जरलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔं । त्यस्ता कल पटक पटक आए ब्लक गरौं ।
- आफ्ना व्यक्तिगत विवरणहरु (ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्म मिति) कसैलाई शेयर नगरौं, सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना